ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २५, अङ्क ९, २०८३ जेठ, पूर्णाङ्क २४५

निरन्तर २४५ औं अङ्क



विराट स्वरुप (श्रीकृष्ण भगवान्)
चाँगुनारायण- ५, गोकुलधाम, छालिङ, भक्तपुर

भावातीत ध्यान

भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।

२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्:

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ

२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ

३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।

४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।

२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।

३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।

४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।

३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।

४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्ः भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

56% Decrease in Hospitalization Rate in All Categories of Disease

Through Transcendental Meditation



Psychosomatic Medicine 49 (1987): 493–507

भावातीत ध्यानको आवासीय कार्यक्रमः

२ रात र ३ दिन

शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)

स्थानः महर्षि वैदिक इन्चिटच्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरुः
९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरुः
९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुर्‍याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ९, २०८३ पूर्णाङ्क २४१

जेठ २०८३

शुक्रबार	१	८	१५	२२	२९
शनिबार	२	९	१६	२३	३०
आइतबार	३	१०	१७	२४	३१
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः....

हातमा स्वयम्बरको माला लिएर वर चुन्ने वेला कुन्तीले पाण्डुलाई माला लगाई आफ्नो पति स्वीकार गरिन् । त्यतिबेला आफ्नो वंश परम्परा धान्नुपर्दछ भन्ने हेतुले एकभन्दा बढी विवाह गर्ने चलन थियो । त्यसपछि भीष्म पितामहको सल्लाह अनुसार पाण्डुले मदनरेशकी कन्या माद्रीलाई पनि विवाह गरेर हस्तिनापुरको महारानी बनाए ।

पाण्डु, धृतराष्ट्र र विदुरको जन्म

राजा शान्तनुका दुईवटी रानी थिए– गङ्गा र सत्यवती । गङ्गाका तर्फबाट देवव्रत र सत्यवतीका २ छोरा चित्राङ्गद र विचित्रवीर्यसमेत गरी शान्तनुका जम्मा तीन छोरा थिए । सन्तान हुनुपूर्व नै चित्राङ्गद र विचित्रवीर्य दुवैको मृत्यु भएकाले राजगद्दीमा बस्ने कोही भएन । देवव्रतले आजन्म ब्रह्मचर्य बस्ने प्रतिज्ञा गरेकाले उनबाट सन्तान हुने कुरै भएन । यसरी वंश परम्परा नै टुट्ने अवस्था सृजना भएको देखेर महारानी सत्यवतीलाई ठूलो चिन्ता पर्‍यो । उनले शान्तनुसँग विवाह हुनुपूर्व महर्षि पराशरसितको संसर्गबाट जन्मिएका आफ्ना छोरा कृष्ण द्वैपायनलाई सम्झिइन् र उनलाई लिन देवव्रतलाई पठाइन् ।

कृष्ण द्वैपायन कस्तो हुनुहुन्थ्यो भने कालो वर्णका, अग्लो कदका, तपस्या गर्दागर्दै कपाल जिङरिङ्ग भइ पहेंलो देखिने, गो सेवाका कारण शरीरमा गाईको घिउ, गहुँत र गोबरको गन्ध आउने, आँखा मात्र सेता टल्कने । तपस्वी वेदव्यास आफ्नी आमाले बोलाएपछि दरबारमा उपस्थित हुनुभयो । छोरा आएपछि रानीले सबै बेलीविस्तार लगाउँदै भनिन्– 'हे पुत्र ! राज्यको उत्तराधिकारी नभएपछि छिमेकी राज्यले आक्रमण गर्नेछन् । तिम्रा दुवै भाइहरू सन्तान हुनुपूर्व नै मारिए । यो कुरा तिमीलाई थाहै छ । केही उपाय निकालेर राज्यको संरक्षण गर्नुपर्‍यो ।'

यस्तो कुरा सुनेपछि कृष्ण द्वैपायनले नियोग पद्धतिबाट सन्तान जन्माउन सकिने कुरा शास्त्रमा वर्णन गरिएको छ भनेर मातालाई सुनाउनुभयो । त्यसपछि रानी सत्यवतीले– 'त्यसका लागि तिमी तयार हुनुपर्‍यो, के कसो गर्नुपर्ने हो त्यो तिमीले नै मिलाऊ ।' यति भनेर उनले जेठी रानी अम्बिकालाई पनि तयार रहन आदेश दिइन् । सत्यवतीको सल्लाह बमोजिम व्यास जेठी बुहारीको कोठामा पुग्नुभयो । अम्बिकाले काला, डरलाग्दा, कृष्ण द्वैपायनलाई देखेर डरले आँखा चिम्लिएर बसिन् ।

ऋतुदान गरेर बाहिर निस्किएपछि वेदव्यासलाई सत्यवतीले सोध्दा उहाँले भन्नुभयो– 'ऋतुदानको समयमा अम्बिकाले आँखा चिम्लिएकाले उनीबाट अन्धा पुत्र जन्मिने छन् ।' यो सुनेर रानी खिन्न भइन् । उनलाई यस्तो लाग्यो कि अन्धो पुत्रले राजपाठ कसरी चलाउला ? उनले तुरुन्तै अर्की बुहारी अम्बालिकालाई तयार हुन भनिन् । सासूको आदेश अनुसार उनी कोठामा गइन् । तर कृष्ण द्वैपायनलाई देखेर अम्बालिकाले आँखा खोलेरै बसे पनि त्यतिवेला डराएर सेतो र पहेंलो अनुहार लगाएकी हुनाले उनीबाट पहेंलो अनुहार भएका रोगी बालकको जन्म हुने भयो । 'रोगी राजाबाट राज्यको सुरक्षा कसरी होला ?' भनेर रानी सत्यवतीको चिन्ता झन् बढेर गयो । फेरि जेठी बुहारी अम्बिकालाई सम्झाई बुझाई तयार हुन लगाइन् । उनले सासूको अगाडि त हुन्छ भनेकी थिइन् तर अघिल्लो पटकको सम्झनाले गर्दा डराएर आफू नगई आफ्नी प्यारी सुन्दरी दासीलाई आफ्नो बिस्तरामा राखेर उनी अन्तै गइन् । कृष्ण द्वैपायन कोठामा प्रवेश गरे । त्यस्तो महात्माको सेवा गर्न पाउँदा दासी धेरै खुसी भइन् । कृष्ण द्वैपायनलाई कुनै कुराबाट असुविधा हुने काम गरिनन् । यसबाट व्यास धेरै खुशी भए र उनको गर्भबाट महात्मा विदुरको जन्म भयो । दासी पुत्र भएको हुँदा उनले राजा हुने अवसर भने पाएनन् ।

पूर्वजन्ममा विदुर

कुनै समयमा माण्डव्य नाम गरेका सत्यवादी एवं स्थिरचित्त भएका ब्राह्मण, महात्मा थिए । शहर नजिकैको जङ्गलमा आफ्नो आश्रममा तपस्या गरेर बसेका थिए । एकदिनको कुरा हो, एउटा डाँकुको हुल चोरीको माल लिएर उनको आश्रममा लुक्न आए । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल, भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

सम्पादकीय

फलदायी बनोस् नेपाल यात्रा !

शङ्कराचार्यको जन्म वि.सं. ८४५ (७८८ई.) मा दक्षिण भारतको केरल स्थित कालाडी ग्राममा ब्राह्मण कुलमा भएको थियो । सानैदेखि तीक्ष्ण बुद्धि भएका शङ्कराचार्यलाई शिवको अवतारको रुपमा मानिथ्यो । उहाँको समयमा भारतभरि नै हिन्दु धर्म गतिहीन अवस्थामा थियो र धर्मान्तिरणको बिगबिगी थियो । हिन्दुहरु बीचमा मेल थिएन, जातिवादले हिन्दु समाज थिलथिलो बनेको थियो ।

एकातिर हिन्दु धर्मको अधोगति भइरहेको अवस्थामा पनि त्यही धर्मभित्रका शैवमार्गी संन्यासी भने हिन्दु जातिप्रथाबाट अलग रही स्वतन्त्र आश्रम सञ्चालन गरिरहेका थिए । त्यस्ता संन्यासीहरुबाट प्रभावित भई शङ्कराचार्य स्वयं पनि संन्यासी बन्नुभयो र तिनै आश्रमहरुमा बसेर विधर्मीहरुलाई निस्कृय पार्ने (मण्डली) बनाउनुभयो र तिनै मण्डलीहरुबाट शास्त्र र धार्मिक पुनर्उत्थानका बनाउन थाल्नुभयो । तिनै मण्डलीहरुलाई संगठित गर्दै परिचालित गर्न र चीरकाल पर्यन्त कायम राख्न भारतका चार दिशामा रहेका प्रसिद्ध धामहरुमा चार पीठको स्थापना गर्नुभयो । दशनामी संन्यासीहरुको धार्मिक संरचनाको सर्वोच्च निकाय नै पीठ हो । पछि गएर यही पीठका प्रमुखलाई शङ्कराचार्य भन्न थालियो । चार वटै पीठका शङ्कराचार्यहरु धार्मिक तथा आध्यात्मिक क्षेत्रमा अत्यन्त पुजनीय हुन्छन् । हिन्दु धर्ममा शङ्कराचार्यलाई भगवान्कै स्वरुपमा पुज्ने चलन छ ।

चार पीठमध्येको एक शारदा पीठ पश्चिम भारतको गुजरात प्रान्तको प्रसिद्ध द्वारिका धाममा रहेको छ । यसैबीच श्रीशारदापीठम् श्रृङ्गेरीका अनन्तश्री विभुषित जगद्गुरु शङ्कराचार्य श्री श्री भारतीतीर्थ महासन्निधानम्बाट आशीर्वाद प्राप्त जगदगुरु शङ्कराचार्य श्री श्री विधुशेखर भारती सन्निधानम्ज्यू यही जेठ ८ गतेबाट सप्ताहव्यापी नेपाल यात्रामा आउँदै हुनुहुन्छ । सो पीठको तर्फबाट ६० वर्षपछि हुन लागेको जगद्गुरुज्यूको 'धार्मिक विजय यात्रा नेपाल- २०८३' नेपालमा धार्मिक सद्भाव र आध्यात्मिक उन्नति कायम राख्न महत्वपूर्ण आयाम बन्न सकोस्, गौरी मासिकको तर्फबाट यही शुभेच्छा एवम् शुभकामना छ । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

श्रीकृष्ण वन्दना — अनन्तकुमार बस्नेत — ४

गीताज्ञान

ज्ञान ..... — आचार्य खेमराज केशवशरण — ५

विशेष

पुरुषोत्तम .... — प्रा. भवानीप्रसाद खतिवडा — ७

भावानुवाद

विदुर नीति — कविप्रसाद प्याकुरेल — १२

आध्यात्मिक वार्ता

संकीर्तनानन्दमा — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — १३

प्रेरक प्रसंग

भगवान् श्रीकृष्ण... — प्रेममान डंगोल — १६

समयसन्दर्भ

एकादशी व्रत — सहप्रा. डा. बिनु बाबा अर्याल — १७

समसामयिक

पराशक्ति.... — सहप्रा. डा. माधवप्रसाद लामिछाने — २१

सेवा

आरती भोग परिवारलाई शुभकामना — २५

चिन्तन

वैदिक सनातन..... — पं. टेकनाथ अधिकारी — २७

परिचय

शास्त्रीय... — डा. उत्तम उपाध्याय, न्यौपाने — २९

महिमा

श्रीराधाको महिमा — दामोदर पौडेल — ३१

गतिविधि — ३४

कविता

श्रीकृष्ण वन्दना

अनन्तकुमार बस्नेत

हे प्यारा ! मुरली मनोहर विभो ! हे देवकी नन्दन !
हे गोपाल ! महेन्द्र मोहन प्रभो प्यारा परम् ब्रह्मन !
आयौ केशव धर्म रक्षण यहाँ रन्काउँदै बाँसुरी
यो नैसर्गिक दिव्य भूमितलमा लीला अनेकौं गरी ।१।

अत्याचार थियो यता अवनिमा मान्छे थिए त्रासमा
बस्थे चाह गरी महापुरूषको पैदा हुने आशमा ।
राखेथ्यो वसुदेव कंस नृपले भार्यासँगै नेलमा
यौटा मोहित रातमा परम हे ! पैदा भयौ जेलमा ।२।

त्यागी त्यो मथुरा सुरम्य नगरी लाग्यौ यशोदासँगै
लालानन्द बन्यौ रच्यौ मघुकथा गोपाल गोपीसँगै ।
मामा दुश्मन कंसको बध गऱ्यौ सद्धर्म रक्षा गऱ्यौ
कैयन् अद्भूत कर्म सत्य पथका जो बालकैमा गऱ्यौ ।३।

हे ज्ञानेश्वर ! द्वारकाधिप विभो हे श्याम हे सुन्दर
काली नाग र दैत्य नाशक प्रभो हे भक्त उद्धारक !
त्यै ज्योतिर्मय शास्त्र सिर्जन गरी गीता दियौ श्रीपति
यौटा काव्य सुधा अलौकिक दियौ ब्रह्माण्डकै सम्पति ।४।

स्वार्थी कौरवको विरूद्ध युगमा रच्दै महाभारत
सच्चा धर्म र न्यायको पथ लियौ हे पार्थका सारथि !
त्यस्ता अद्भुतको अपार महिमा बेजोड बेजोड छ
त्यस्ता कुञ्जविहारमा रस लिने श्रीकृष्णमा ढोग छ ।५।❖

–सानोठिमी, भक्तपुर
(लेखकको कविता संग्रह अभ्यर्चनाबाट)

गीता चौथो अध्यायः

ज्ञान कर्मसंन्यासयोग



–आचार्य खेमराज केशवशरण

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत
अभ्युत्थानमधर्मस्य तदात्मानम् सृजाम्यहम् ॥७॥

अन्वयः भारतः यदा यदा हि धर्मस्य ग्लानिः अधर्मस्य अभ्युत्थानं भवति तदा अहम् आत्मानं सृजामि ।

सरलार्थः ए भरतवंश भूषण अर्जुन ! जब जब धर्मको हानि र अधर्मको वृद्धि हुन्छ, तब तब नै म आफूलाई साकार रूपमा प्रकट गर्दछु ।

भावविशारदाः भगवान्ले यहाँ आफ्ना अवतारको कारण धर्मको हानि र अधर्मको वृद्धिलाई बताउनुभएको छ । संजयता, सदाचार, सुशीलता, धर्म परायणता, भगवत प्रेम जस्ता आदर्श गुणहरूको अनुसरण गर्दै साधनामा लागेका लोक कल्याणकारी कार्यप्रति समर्पित भएका सज्जनमाथि दुर्जन दुराचारीहरूको अत्याचार बढ्न थाल्दछ जब मानव समुदायमा सद्‌गुण सदाचारको लोप हुनथाल्दछ, मानिस दैविक प्रवृत्तिलाई छाडेर आसुरी वृत्तितिर लहसिंदै जानथाल्दछ । त्यस्तो अवस्थामा भगवान्को प्राकट्य हुन्छ । भगवान्ले यहाँ यदा यदा भन्नुभएको हुनाले कुनै युग विशेषमा मात्र होइन । जब जब आवश्यकता पर्दछ, तब तब भन्ने अर्थ हुन्छ । त्यस्तो आवश्यकता प्रत्येक युगमा पर्न आउँदछ । आसुरी वृत्तिका उपासक नास्तिक दुराचारी प्रत्येक युगमा हुन्छन् र तिनले उपद्रोह मच्चाउने गर्दछन् । त्यसको निवारणका लागि भगवान् अवतार लिनुहुन्छ । अतितमा पनि मत्स्य, कुर्म, हयाग्री, परशुराम, राम आदि अवतारहरू भगवान्ले यस्तै आवश्यकताका अवसरहरूमा दिनुभएको थियो । ती युगहरूमा सत्ययुगमा हयाग्रीव दानव हिरण्यकसिपु र हिरण्डाक्ष आदि दैत्यहरू, त्रेतामा रावण आदि असुरहरू र कार्तवीर्यादि प्रजा पीडकहरू हुन्थे र तिनको सम्हार गरेर भक्तजनहरूलाई परित्राण दिन भगवान् अवतीर्ण हुनुभएको थियो ।

यसरी युगौपिच्छे अवतारको आवश्यकता पर्न सक्ने कुरा यहाँ यदा यदा भन्ने पंक्तिले इङ्गित गरेको छ । भगवान्का विभिन्न प्रकारका अवतारहरू छन् । पूर्ण अवतार, अंशावतार, कलावतार, आवेशाय अवतार आदि । युगान्तकारी विशेष कार्यहरू सम्पादन गर्नुपर्दा भगवान् पूर्ण अवतार हुनुहुन्छ । राज्य व्यवस्था एवम् लोकशासनमा सुधार जस्ता समय विशेष आवश्यकता पूर्ति गर्न राजर्षीहरूका रूपमा अंशावतार ग्रहण गर्नुहुन्छ । बहिरमुखी प्रवृत्तिमा लागेर आध्यात्मिक आस्थाबाट जब मानिस विमुख हुन थाल्दछ, त्यस्तो बेलामा भगवान् ऋषि, मुनि र सन्त सत्पुरुषहरूका रूपमा कलावतार धारण गर्नुहुन्छ ।

जब मानिस परमात्मा हरिलाई सम्पूर्ण रूपमा बिर्सन पुग्दछ । त्यस्तो नास्तिकताको अन्धकारले लोक जीवन आच्छादित हुन लागेको अवस्थामा भक्त शिरोमणिहरू चैतन्य महाप्रभु, मिरावाइ आदि आदेशवतार धारण गर्नुहुन्छ । त्यसैले अहिले यतिका अनर्थहरू समाजमा भइसक्दा पनि भगवान् किन प्रकट हुनुहुन्न भनेर कसैकसैले गर्ने गरेको शङ्काको उत्तरमा यही भन्नुपर्ने हुन्छ । अहिले पनि भगवान्ले कति कलावतार अंशावतारहरू लिएर धर्म अध्यात्मको पवित्र प्रेरणालाई जीवित राख्नुभएको छ । पूर्णवतार हुने अवस्था आइपुगेको छैन । त्यसको समय आइपुगेपछि भगवान् अवश्य अवतरित हुनुहुनेछ । ऋषिमुनिहरू सन्तप्त सत्पुरूषहरू भक्त शिरोमणिहरू जुन देशमा जुन समाजमा सुलभ हुन्छन् त्यहाँ केही न केही परोपकार लोककल्याण

र आध्यात्मिक रूचि जीवित रहेकै हुन्छ । त्यसैले अधर्मले त्यति शिर उठाउन पाउँदैन । भगवान् आफ्ना गरिमामय अनन्त लिलानुभूतिहरूको अनावश्यक दुरूपयोग हुन दिनु चाहनुहुन्न, सदुपयोगप्रति अत्यन्त संवेदनशील हुनुहुन्छ ।

भगवान्को पूर्ण अवतार त त्यसबेला हुनेछ, जब सज्जनहरूका घरमा पनि हरि कथा बिल्कुलै बन्द हुनेछ । दुई जाति सम्पूर्ण नै पाखण्डमा लागेर पतित बन्नेछन्, जब राजाले सो धर्मको मार्गलाई परित्याग गरेर निम्न कोटीको विलासी जीवन लिन पुग्दछन् । देवकार्य अनि पितृकार्य जब सबै बिर्सन्छन् र स्वाहा स्वधादि ध्वनिहरू सुन्न नपाइने भइसक्दछन् अनि लोक नियामक जगरक्षक भगवान् श्री हरिको कलियुगको अन्तमा कली रूपले अवतरण हुनेछ जुन शास्त्रले अवतारका बारेमा बताएको छ त्यसैले दिएको निर्देशन यस्तो छ...

यर्सालयंध्वपि सतां न हरे कथा स्यु पाखण्डिनो द्विजना वृषला वृदेपाः

स्वाहा स्वधावषडिति स्म गिरो न यत्र शास्ता भविस्यति हरि भगवान् युगान्ते ।(**श्रीमद्भागवत १२**) क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । आम पाठकहरूको माग एवम् रूचीलाई मध्यनजर गरी पछिल्ला समयमा उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।) ❖

जेठ महिनाका पर्व तथा विदा

१ गते वृष सङ्क्रान्ति/सिथि चःह्रे

२ गते बटसावित्री व्रत/शनि जयन्ती

३ गते गोसाइकुण्ड स्नान आरम्भ/अधिकमास आरम्भ/मत्स्यनारायण मेला शुरू/विश्व दूरसञ्चार दिवस

१० गते गोरखकाली पूजा

१२ गते गङ्गादशहरा व्रत/गोसाइकुण्ड स्नान समाप्ति

१३ गते पद्मिनी एकादशी व्रत

१४ गते प्रदोष व्रत

१५ गते गणतन्त्र दिवस/सगरमाथा दिवस

२१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस

२२ गते विश्व वातावरण दिवस

२४ गते रविसप्तमी व्रत

२५ गते गोरखकाली पूजा

२८ गते परमा एकादशी व्रत

२९ गते प्रदोषव्रत

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) को
'नीति विमर्श' शृङ्खला अन्तर्गत
नेपाल-भारत सम्बन्ध नीति विशेष कार्यक्रम
प्राइम टेलिभिजनमा प्रत्येक महिनाको पहिलो र तेस्रो सोमवार
रात्रि ९:00 बजे हेर्न नछुटाऔं ।

पुरूषोत्तम महिनामा के गर्ने ? के नगर्ने ?

प्रा. भवानीप्रसाद खतिवडा

१. विषयप्रवेश

वैदिक सनातन धार्मिक समाजमा पुरूषोत्तम महिनाको विशेष महत्त्व छ । अरू महिनाभन्दा यो महिना अति उत्तम मानिन्छ । किनकि पुरूषोत्तम महिना भगवान् श्रीकृष्णको अति प्यारो महिना हो । यस विषयमा धर्मशास्त्र, पुराण आदि धार्मिक शास्त्रहरूमा पुरूषोत्तम महिनामा गर्नुपर्ने कर्म, गर्दा पनि हुने कर्म, गर्नु नहुने कर्म गरी तीन समूहमा विभाजन गरिएको छ । ३० दिनको अधिकमास छुट्टै कसरी प्रकट हुन्छ ? मलमास पवित्र पुरूषोत्तममास हुनुको कारण के हो ? पुरूषोत्तममासमा गर्नु हुने कर्म के के हुन् ? गर्दा पनि हुने र गर्नु नहुने कर्म के के हुन् ? जस्ता विषयलाई लिएर सम्यक् विवेचना गर्न आवश्यक छ ।

२. सौर, चान्द्र, सावन आदि मास परिचय

समय स्वयंमा अनादि, अनन्त, अखण्ड छ, तापनि व्यावहारिक दृष्टिले जन्यकालको परिकल्पना गरी समयलाई वेध, लव, निमेश, क्षण, काष्ठा, लघु, नाडिका, मुहूर्त, प्रहर, अहोरात्र, दिन, सप्ताह, पक्ष, मास, ऋतु, अयन र सम्बत्सर आदिमा विभक्त गरेर भिन्न भैं व्यवहार गरिन्छ ।

उपर्युक्त समयको इकाई मध्ये सबैभन्दा ठूलो इकाई सम्बत्सर हो । एक सम्बत्सर अन्तर्गत बाह्र महिना हुन्छन् । ती महिनाहरू सौर, चान्द्र, सावन, नाक्षत्र र बार्हस्पत्यका भेदले ५ प्रकारका छन् । सूर्यको गतिलाई आधार मानेर मानेको मास सौरमास हो । सौरमास अनुसार एक वर्षको दिन संख्या ३६५ हुन्छ । चन्द्रमाको गतिसँग सम्बन्धित मास चान्द्रमास हो । चान्द्रमान अनुसार ३५४ दिनको एक चान्द्रवर्ष हुन्छ । व्यावहारिक दिनगन्तीमा आधारित सामाजिक व्यवहारमा मान्यता प्राप्त मास सावनमास हो । एक सावन मासमा जम्मा ३० दिन हुन्छन् । यस हिसाबले सावनबर्ष १२x३०=३६० दिनको हुन्छ । यसैगरी नक्षत्रको गतिमा आधारित मासलाई नाक्षत्रमास भनिन्छ । त्यो नाक्षत्र मानको गणना अनुसार २७ नक्षत्रलाई १२ले गुणन गर्दा अर्थात् १२x२७= प्राप्त हुने गुणन फल अनुसार ३२४ दिनको एक नाक्षत्र बर्ष हुन्छ । यसैगरी बृहस्पतिको गतिमा आधारित बर्ष बार्हस्पत्य बर्ष हो ।

नेपाल र भारतमा खगोल शास्त्रीय गणना अनुसार मिश्रित रूपमा सौरमास र चन्द्रमास दुवैलाई मान्ने प्रचलन छ । अफिस, अड्डा, अदालत, क्याम्पस र घरायसी व्यवहारमा समेत व्यवहार गर्दा सौरमास अथवा सौरदिन (गते)को प्रयोग गरिन्छ । चाड, पर्व, जन्मोत्सव, तिथि, श्राद्ध अर्थात् कुनै पनि धार्मिक कर्म गर्दा चान्द्रमास र चान्द्र दिन(तिथि)लाई नै प्रयोग गर्ने हाम्रो धर्मशास्त्रीय मर्यादा छ । सावनमास सदैव सबैले आन्तरिक घरायसी व्यवहारमा दिनगन्तीको रूपमा प्रयोग गरिन्छ तापनि यसको महत्त्व सबैलाई थाहा नहुन सक्छ । यसैगरी वैशाख, ज्येष्ठ, आषाढ, श्रावण आदि सौरमास निर्माण सूत्र त झन् यति वैज्ञानिक एवं रहस्यात्मक छ कि त्यो त अतीव मननीय मात्र नभएर सदैव चिन्तनीय पनि छ । यति रहस्यमय मास निर्माण प्रक्रियालाई बुझ्दै नबुझी वैदिक सनातन धर्मावलम्बी हामीहरू आधुनिक हुन जनवरी फेब्रुअरी आदिमा मात्र सीमित भएर सनातन वैदिक विज्ञानको नकारात्मक समीक्षा गर्न खोज्छौं । यो भन्दा विडम्बना अरू के हुन सक्छ ? यस विषयमा साच्चै भन्ने हो भने वैशाख, ज्येष्ठ, आषाढ, श्रावण आदि महिनाको उच्चारण गर्दा नै सूर्य चन्द्र र नक्षत्रमा विद्यमान उर्जा प्राप्त हुन्छ ।

३. के हो त वैशाख, ज्येष्ठ आदि बाह्र महिना निर्माण-सूत्र ?

सौरमासका वैशाख, जेष्ठ, आषाढ आदि बाह्र महिनाका नामहरू पूर्णिमा तिथि र नक्षत्रका आधारमा आधारित छन् । जस्तै विशाखा नक्षत्रले युक्त भएको पूर्णिमा वैशाखी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो वैशाख महिना हो । जेष्ठा नक्षत्रले युक्त भएको पूर्णिमा जेष्ठी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना जेष्ठ अथवा जेठ महिना हो । पूर्वा अथवा उत्तरा आषाढा नक्षत्रले युक्त भएको पूर्णिमा आषाढी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना आषाढ महिना हो । श्रवण नक्षत्रले युक्त भएको पूर्णिमा श्रावणी पूर्णिमा हो, त्यो पूर्णिमा पर्ने सौरमास श्रावण महिना हो । पूर्वा अथवा उत्तरा भाद्रा नक्षत्रले युक्त भएको पूर्णिमा भाद्री पूर्णिमा हो, त्यो पूर्णिमा पर्ने सौरमास भाद्र महिना हो ।

अश्विनी नक्षत्रले युक्त भएको पूर्णिमा आश्विनी पूर्णिमा हो, त्यो पूर्णिमा पर्ने सौरमास आश्विन महिना हो । कृतिका नक्षत्रले युक्त भएको पूर्णिमा कार्तिकी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना कार्तिक महिना हो । मृगशिरा नक्षत्रले युक्त भएको पूर्णिमा मार्गशीर्षा पूर्णिमा हो, त्यो पूर्णिमा पर्ने सौरमास मार्गशीर्ष (मङ्सिर) महिना हो । पुष्य नक्षत्रले युक्त भएको पूर्णिमा पौषी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना पौष महिना हो । मघा नक्षत्रले युक्त भएको पूर्णिमा माघी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना माघ महिना हो । पूर्वा अथवा उत्तरा फाल्गुनी नक्षत्रले युक्त भएको पूर्णिमा फाल्गुनी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना फाल्गुण महिना हो । चित्रा नक्षत्रले युक्त भएको पूर्णिमा चैत्री पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना चैत्र महिना हो ।

यसरी सौर्यमास अन्तर्गत विद्यमान वैशाख, जेष्ठ, आषाढ आदि बाह्रै महिनाको नाक्षत्रमास र चान्द्रमाससँग अन्योन्याश्रित सम्बन्ध भएजस्तै सौरमास र चान्द्रमासको पारस्परिक न्यूनाधिकताको कारणले गर्दा सौर मास अनुसार २ बर्ष ८ महिना १६ दिन ४ घडी बितेपछि ३० दिनको एउटा अधिक मास छुट्टै प्रकट हुन्छ ।

३० दिनको अधिकमास छुट्टै कसरी प्रकट हुन्छ ?

उपर्युक्त ज्योतिष शास्त्रीय सूक्ष्म गणना अनुसार ३६५ दिन १५ घडी ३१ पला र ३१ विपलाको एक सौरवर्ष हुन्छ भने चान्द्रवर्षमा जम्मा ३५४ दिन मात्र हुन्छन् । यी दुई वर्ष बीचको भिन्नता एक वर्षमा मोटामोटी ११ दिन हुन्छ । यस हिसाबले ३ वर्षमा ३३ दिन अधिक हुनआउँछन् । यसरी विचार गर्दा २ वर्ष ८ महिना १६ दिन ४ घडी बितेपछि ३० दिनको एक अधिकमास छुट्टै प्रकट हुन्छ । ज्योतिष शास्त्रमा भनेको पनि छ–

द्वात्रिंशद्भिगर्तैर्मासैर्दिनैः षोडषभिस्तथा ।
घटिमानां चतुष्केण पतत्यधिकमासकः॥

उपर्युक्त ३३ महिना मध्ये २ वर्ष ८ महिना १६ दिन ४ घडीबाट बँचेका ३ दिन क्रमशः एक आपसमा थपिँदै जाँदा धेरै वर्ष पछि एकै वर्षमा दुई वटा अधिकमास र त्यसै वर्ष एउटा क्षयमास पनि पर्दछ । त्यो क्षयमास ती दुई अधिकमासका बीचमा पर्दछ । क्षयमास भन्दा पछिको अधिक मासको नाम अंहस्पति र पूर्वको अधिकमासको नाम संसर्प हो । संसर्प अधिकमास भन्दा अंहस्पति केही शुद्ध मानिन्छ । वैदिक सनातन धर्ममा आस्था राख्ने तपाईं हामी सबैलाई यो सामान्य ज्ञान हुनुपर्छ कि कार्तिक, मङ्सिर र पुष यी तीन सौरमासमा कहिल्यै पनि अधिकमास पर्दैन । यी बाहेक अन्य कुनै पनि महिनामा अधिकमास पर्न सक्तछ । पञ्चाङ्ग गणना गर्दै जाँदा उपर्युक्त तीन महिना बाहेक अरू कुनै पनि महिनाको शुक्ल प्रतिपदादेखि औंसीको अन्तिम घडीसम्म एउटा पनि सूर्य संङ्क्रान्ति परेन भने त्यस असङ्क्रान्ति चान्द्रमासलाई मलमास, अधिकमास अथवा अधिमास भनिन्छ । २ वर्ष ८ महिना १६ दिन ४ घडी व्यतीत भएपछि उपर्युक्त तीन महिना बाहेक कुनै पनि महिनामा अवश्य आउने हुनाले यो अधिकमास नियमित मास मानिन्छ । यो अधिक मास जस्तै क्षयमास पनि चान्द्रमास नै हो । एउटा चान्द्रमासभित्र दुईवटा संङ्क्रान्ति परे भने त्यस चान्द्रमासलाई क्षयमास भनिन्छ । यो क्षयमास कार्तिक, मङ्सिर र पुष महिनामा मात्र पर्दछ । यस विषयमा शास्त्रीय वचन यस प्रकार छ –

असङ्क्रान्ति मासोकधिमास स्फुटं स्यात्
द्वि सङ्क्रान्ति मासः क्षयाख्य कदाचित् ।
क्षयः कार्तिक्यादित्रये नान्यतः स्यात्

तदा बर्षमध्ये कधिमासो द्वयञ्च ॥

यो क्षयमास अधिकमास जस्तो नियमित होइन । कहिले धेरै वर्षसम्म पनि यो क्षयमास आउँदैन भने कहिले १९/२० वर्ष मै देखा पर्दछ । त्यसकारण क्षयमासलाई अधिक (पुरूषोत्तम)मास जस्तो नियमित र पवित्रमास मानिदैन ।

४. मलमास पवित्र पुरूषोत्तममास हुनुको कारण के हो ?

उपर्युक्त हिसाबले विचार गर्दा सिद्ध भएको तीन वर्षसम्मको सौरमासको मलतुल्य अधिकमासलाई मलमास भन्दै सबैले तिरस्कार एवं निन्दा गर्न थाले पछि मानव समाजबाट तिरष्कृत तथा बहिष्कृत भएको व्यक्ति न्यायाधीश कहाँ शरण लिन गएजस्तै यो मलमास पनि रूँदै एवं विलाप गर्दै भगवान् विष्णुका शरणमा पुग्यो । त्यसपछि भगवान् विष्णुले पनि हे मलमास ! यो तिम्रो समस्या समाधान गर्ने एक मात्र गोलोकवासी भगवान् श्रीकृष्ण हुनुहुन्छ । त्यसकारण हिँड गोलोक जाऔँ भनेर त्यो मलमासलाई डोर्याउँदै साथमा लिएर भगवान् विष्णु गोलोक जानुभयो । त्यहाँ पुर्‍याएपछि त्यो मलमासले तिरस्कृत भएर जीवन व्यतीत गर्नुको कारण सबै विष्णु भगवान्ले श्रीकृष्णलाई सुनाउनु भयो । त्यसपछि परब्रह्म परमात्मा भगवान् श्रीकृष्णले मलमासलाई लक्ष्य गरेर भन्नु भयो–

एतन्मासाधिपश्चाहं मयैवाहं प्रतिष्ठितः ।
पुरुषोत्तमेति मन्नाम तदप्यस्मै समर्पितम् ॥
तिरष्कुर्वन्ति ये मूढा मलमासं मम प्रियम् ।
नाचरिष्यन्ति ये धर्मं ते सदा निरयालयाः ॥

आजदेखि मेरो यो पवित्र पुरूषोत्तम नाम मैले यस मलमासलाई प्रदान गरेको छु । त्यसकारण यस मलमासको नाम आजैदेखि पुरूषोत्तम हुनेछ । यसलाई वासस्थानको रूपमा मैले आफ्नो लोक गोलोको दिएको छु । अतः आजदेखि यो यहीँ बस्दछ । आज उप्रान्त जसले यस पुरूषोत्तम महिनाको निन्दा गर्दछ त्यसले यस लोकमा स्थान, मान, नामहीन भएर संसारमा नराम्रो दुःख पाउँने छ र मरेपछि नारकीय यातना प्राप्त गर्दछ । तर जसले यस पुरूषोत्तममास भरि व्रत लिएर पुरूषोत्तम नामले मेरो पूजा गर्दछ त्यसले बाचुन्जेल यस लोकमा सुख, शान्ति, समृद्धि भगवद्भक्ति प्राप्त गरेर यो जीवनलीला समाप्त भएपछि सजिलै मेरो लोक गोलोक धाम प्राप्त गर्दछ । भगवान्का यस्ता वाणी सुनेर पुरूषोत्तम भावमा प्राप्त भएको त्यो अधिकमास प्रसन्न भएर सदैव पुरूषोत्तम नामले पूजित भएर भगवान्को प्यारो भएर रहन थाले । यसरी पुरूषोत्तम भावमा प्राप्त भएका अधिकमासमा मुख्य रूपमा गर्नु पर्ने कर्म, गर्दा पनि हुने कर्म र गर्नु नहुने कर्म गरी कर्मलाई जम्मा तीन भागमा विभाजन गरिएको छ ।

५. पुरूषोत्तम मासमा गर्नु हुने कर्म के के हुन् ?-

मलेकनन्यगतिं कुर्यात् नित्यनैमित्तिकां क्रियाम् ॥

मलमासको समयमा र गुरू शुक्रास्तको समयमा अनन्यगतिक कर्म र नित्यनैमित्तिक उभय कर्म गर्नु पर्दछ । मलमासमा र गुरू शुक्रास्तको समयमा पनि गर्नु पर्ने अनन्यगतिक र नित्यनैमित्तिक उभय कर्महरू यसप्रकार छन्– जातकर्म, नामकरण(न्वारन), अन्नप्राशन, खडेरी परेका बेला पानी पार्ने उद्देश्यले गरिने कारीरी याग, भूत-प्रेत आदिले दुःख दिएका व्यक्तिहरूको रक्षाका लागि गरिने रक्षोघ्न याग, रोगशान्तिका लागि गरिने शान्तिकर्म

(ग्रहशान्ति), दाम्लोले बाँधेकै अवस्थामा गौमाताको मृत्यु भएमा गरिने तन्निमित्तक प्रायश्चित जस्ता प्रायश्चित कर्म, पञ्चक शान्ति, चातुर्मास पुराण, आतुरावस्थामा गरिने दशदान, वैतरणी, दशगात्र क्रिया, ग्रहण निमित्तक स्नान, दान, जप, पाठ, पूजा, होम आदि। युगादि श्राद्ध, मन्वादिश्राद्ध, दर्शश्राद्ध, वारूणियोग, महावारूणियोग आदि अलभ्य योग पर्न गए तन्निमित्तक स्नान, दानादि। उनमासिक, त्रैपाक्षिक (पैंतालिस दिनको) मासे उनषाड्मासिक, उनाब्दिक र मासिक श्राद्ध, मघात्रयोदशी श्राद्ध, अधिक मासमा दिवङ्गत भएका व्यक्तिहरूको बरखी, श्राद्ध, आशौचान्त गरिने शुद्ध शान्ति (शुद्धाइँ) गर्नु हुन्छ। त्यसैगरी पुरूषोत्तम महिनामा गरिने ३३ वटा मालपुवा दान गर्नु हुन्छ। कुनै समयमा पुरूषोत्तम महिना भित्रै गुरू-शुक्र अस्त भयो र त्यो गुरू-शुक्र अस्त भएको समयमा श्रावण महिना, कार्तिक महिना पर्यो भने नित्य श्रावण महिनामा गर्ने गरेको नियमित रूद्री, कार्तिक महिनामा गरिने दीपदानादि कर्म, पुरूषोत्तम व्रतको साङ्गे गर्नु अनन्यगतिक कर्म भएको हुनाले गर्नु हुन्छ। श्रावण महिनामा पुरूषोत्तम महिना परेको हुनाले रूद्री गर्न पाइएन भन्नु हुँदैन नियमित गर्ने गरेको रूद्री गर्दा हुन्छ।

६. पुरूषोत्तम मासमा गर्दा पनि हुने कर्म

श्रीमद्भागवतं भक्त्या श्रोतव्यं पुरुषोत्तमे।
तत्पुण्यं वचसा वक्तुं विधातापि न शक्नुयात्॥
(पु मा २२/३०)

पुरूषोत्तम महिनाभरि निष्काम भावले भक्तिपूर्वक भागवत श्रवण गर्दाहुने पुण्यको महिमालाई स्वयं ब्रह्माजीले पनि बताउन सक्नु हुन्न भनेर पुरूषोत्तम मास माहात्म्यमा भनेको हुनाले कुनैपनि कामना नराखी पुरूषोत्तम महिनाभरि भागवत पुराण श्रवण गर्दा पनि हुन्छ। तर पितृमुक्तिका लागि सकाम भावले सप्ताह, नवाह चाहिँ गर्नुहुँदैन।

शालिग्रामार्चनं कार्यं मासे श्रीपुरुषोत्तमे।
तुलशीदललक्षेण तस्य पुण्यमनन्तकम्॥ (पु मा २२/३१)

'पुरूषोत्तम महिनामा एकलाख तुलसीपत्रले शालग्रामको पूजा गर्‍यो भने त्यस पूजाबाट प्राप्त हुने पुण्य अक्षय हुन्छ।' भन्ने वचन पुरूषोत्तम मासमाहात्म्यमा नै भएको हुनाले तुलसी पत्रद्वारा शालग्राम भगवान्‌को पूजा आराधना पुरूषोत्तम भगवत्प्रित्यर्थ पुरूषोत्तम महिना भरि गर्दा हुन्छ। यसरी विचार गर्दा के कुरा सिद्ध हुन्छ भने गुरू शुक्रास्तको समयमा र पुरूषोत्तम मासमा निष्काम कर्म, नित्यकर्म र अनन्यगतिक नैमित्तिक कर्म गर्दा पनि हुन्छ। तर अन्यगतिक इष्ट, पूर्त, दत्त आदि काम्य कर्म कदापि गर्नु हुन्न।

७. गुरूशुक्रास्त र पुरुषोत्तम महिनामा गर्नु नहुने कर्म

"रविणा लङ्घितो मासो ह्यनर्ह सर्वकर्मसु" अर्थात् सूर्य सङ्क्रान्तिले रहित भएको महिनामा अन्यगतिक (अरू समयमा पनि गर्न मिल्ने) नैमित्तिक कर्म गर्नु हुँदैन भनेर धर्मशास्त्रमा बताएको हुनाले वापी (तल जाने सिडी भएको जलासय) बगैंचा, तलाउ, कुवा, इनार, खन्ने काम, घरको आरम्भ, प्रतिष्ठा, व्रतारम्भ, शुद्ध समयमा आरम्भ गरेका व्रतको उद्यापन, वधुप्रवेश, महादान, सोमयाग, सप्ताह, नवाह, शतचण्डी, सहश्रचण्डी, लक्ष्य हवन, कोटिहोम, अष्टका श्राद्ध, गोदान, नवान्नप्राशन, जलाशय निर्माण, पहिलोपटक गरिने श्रावणीकर्म, देवव्रत, काम्यवृषोत्सर्ग, अतिपन्न (मुख्य समयमा नभएको जातकर्म, नामकरण, अन्नप्राशन आदि) शिशुसंस्कार, देवताको प्रतिष्ठा, दीक्षाग्रहण, व्रतबन्ध, विवाह, चूडाकर्म, पहिलो पटक देवताको दर्शन (तीर्थयात्रा), संन्यास ग्रहण, अग्निहोत्रारम्भ, राज्याभिषेक, पहिलो पटक गरिने कुनै देशको यात्रा, चातुर्मास व्रतको आरम्भ र समाप्ति, समावर्तन, कर्णवेध, दीव्य परीक्षा, नयाँ सरकार गठन गरेर सपथ ग्रहण गर्ने गराउने कार्य र राजदूत नियुक्ति पनि गर्नु हुँदैन। यी सबै कर्महरू पुरूषोत्तममासमा, क्षयमासमा, विश्वघस्रपक्ष र गुरू शुक्रास्तको समयमा गर्नु हुँदैन। साथै गुरू शुक्र अस्त हुनु पूर्व न्यूनतम तीन दिनदेखि ग्रह तेजहीन हुने हुनाले वृद्धत्व र उदय भएपछि पनि न्यूनतम तीन दिनसम्म अल्प तेज हुने हुनाले शिशुत्व दोष लाग्छ। त्यसकारण गुरू शुक्र अस्त हुनुभन्दा पहिले तीन दिनदेखि र गुरू शुक्र उदय भएपछिका तीन दिनसम्म उपर्युक्त काम्य कर्म गर्नु हुँदैन। नित्यकर्म गर्न भने छोड्नु हुँदैन।

आरब्धकाम्यस्य मलमासेकप्यनुष्ठानम्। शुद्ध समयमा आरम्भ गरेको काम्यकर्म मलमास, गुरू शुक्रास्तको समयअवधिमा पनि गर्नु हुन्छ। तर "नूतनारम्भ समाप्तिश्च

नैव कर्तव्या" अर्थात् नयाँ कर्मको आरम्भ र शुद्ध समयमा आरम्भ गरेका कर्मको समाप्ति (साङ्गे) चाहिँ गर्नु हुँदैन, भनेको हुनाले शुद्ध समयमा आरम्भ गरेका कर्मको निरन्तरता दिन हुन्छ । साङ्गे र गरिरहेका कर्ममा थपघट गर्नु हुँदैन । शुद्ध समयमा आरम्भ गरेका कर्मको साङ्गे शुद्ध समयमा नै गर्नु पर्छ । परन्तु अधिकमासमा नै आरम्भ भएर अधिक मासमा नै समाप्त हुने पुरूषोत्तममास व्रतको साङ्गे चाहिँ गर्नु हुन्छ ।

८. पुरूषोत्तम भगवान्को पार्थना गर्ने मन्त्र

पुरूषोत्तम भगवान्को व्रतलिने व्यक्तिहरूले तल दिएको मन्त्र बारम्बार पाठ गरिरहनु पर्दछ ।

वन्दे नवघनश्यामं द्विभुजं मुरलीधरं।
पीताम्बरधरं देवं सराधं पुरुषोत्तमम् ।। (पु.मा. २५/२०)

नयाँ मेघको जस्तो श्याम वर्ण भएका, दुई हातमा मुरली धारण गर्ने, पीताम्बर वस्त्र धारण गर्ने, राधाले सहित भएका पुरूषोत्तम भगवान्लाई म वन्दना गर्दछु । यसैगरी पुरूषोत्तम महिनामा भगवान्का यी ३३ नामको पनि प्रतिदिन पाठ गर्न सक्दा भगवान् प्रसन्न हुनुहुन्छ ।

९. भगवान्का ३३ नाम

ॐविष्णवे नमः, ॐजिष्णवे नमः, ॐमहाविष्णवे नमः, ॐहरये नमः, ॐकृष्णाय नमः, ॐअधोक्षजाय नमः, ॐकेशवाय नमः, ॐमाधवाय नमः, ॐरामाय नमः, ॐअच्युताय नमः, ॐपुरुषोत्तमाय नमः, ॐगोविन्दाय नमः, ॐवामनाय नमः, ॐश्रीशाय नमः, ॐश्रीकण्ठाय नमः, ॐविश्वसाक्षिणे नमः, ॐनारायणाय नमः, ॐमधुरिपवे नमः, ॐअनिरुद्धाय नमः, ॐत्रिविक्रमाय नमः, ॐवासुदेवाय नमः, ॐजगद्योनये नमः, ॐअनन्ताय नमः, ॐशेषशायिने नमः, ॐसङ्घर्षणाय नमः, ॐप्रद्युम्नाय नमः, ॐदैत्यारये नमः, ॐविश्वतोमुखाय नमः ॐजनार्दनाय नमः, ॐधरावासाय नमः, ॐदामोदराय नमः, ॐमुरमर्दनाय नमः, ॐश्रीपतये नमः ।

१०. उपसंहार

यसरी पुरूषोत्तम भगवान्का असीम अनुकम्पाद्धारा सम्पादित व्रत, जप, पाठ, पूजा आदि मर्मद्वारा चित्तशुद्धिपूर्वक भगवत्तत्त्व साक्षात्कार होस् भन्ने पवित्र भावनाका साथ प्रत्येक दिन अथवा पुरूषोत्तम मासको अन्तिम दिन ३३ वटा मालपुवा काँसको थालमा राखेर काँसकै थालले छोपेर, पहेंलो वस्त्रले ढाकेर, पहेंलै धागोले सात फेरा बाँधेर ३३ मालपुवा दान गर्दा पूजा गर्ने मन्त्र पनि यीनै भगवान्का पवित्र ३३ नाम हुन् ।

यसरी पुरूषोत्तममासको महिमालाई राम्ररी बुझेर पुरूषोत्तम महिनामा गर्नु हुने कर्म, गर्दा पनि हुने कर्म र गर्नु नहुने कर्मको राम्ररी विचार गरेर कर्तव्याकर्तव्य विवेक पूर्वक भगवान् पुरूषोत्तम नारायणको आराधना एवं उपासना श्रद्धा भक्तिका साथ गर्न आवश्यक छ । भगवान्को स्मरण र उपासना गर्ने सन्मति हामी सबैमा सदैव सर्वत्र प्राप्त होस् । ॐ पुरुषोत्तमाय नमः ।❖

-कुमारीगाल, काठमाडौ

भगवान् श्रीकृष्णको विराट्स्वरूप

भक्तपुर जिल्ला अन्तरगत चाँगुनारायण नगरपालिका – ५ छालिङ, गोकुलधाममा स्थापना गरिएको मूर्ति हो । वि.सं. २०८२ साल श्रावण ३१ गते स्थानीय समाजसेवी गोकर्ण पुरीको परिकल्पना, अथक मेहनत र परिश्रम तथा श्रीकृष्ण गिरी/पुरी कुलका परिवारजनको सहयोगमा करिब २५,७७७ टनको कृष्णशिलामा अत्यन्तै आकर्षक श्रीकृष्ण भगवान्को बिराट् स्वरूपको श्रीमूर्ति स्थापना गरिएको छ ।

गोकुलधामको इतिहास निकै पुरानो छ । श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा १८२६ मङ्सिर १ गते भक्तपुर विजय गर्नुभएको थियो । त्यतिबेला गोर्खाली सेनाको एकीकरण अभियानमा लप्टन प्रताप गिरि सम्मिलित भएको इतिहास छ । उनै प्रताप गिरिले स्वप्नामा दोलालगिरी पर्वतको बीचमा त्रिवेणीधाम भएको देख्नु भएको बताएपछि उहाँका छोरा कृष्ण गिरिले कृष्णवर्णेश्वर महादेवको स्थापना गर्नुभयो । त्यसपछि महादेव पुरीले मत्स्येनारायण मन्दिर स्थापना गर्नुभएको हो । हाल यहाँ गणेश, हनुमान, विभिन्न देवीहरूका मूर्तिका साथै चौसठ्ठी शिवलिङ्ग पनि स्थापना गरिएको छ । ❖



विदुर नीति

-कविप्रसाद प्याकुरेल

क्रोसिकारीको धनुद्वारा मर्ने नमर्ने संशय ।
एक दुर्बुद्धिले गर्दा संसारभर सङ्कट ॥४८॥

एकदुई विचारेर तीनचार वश गर्नु छ ।
पञ्चविजय षट्सन्धि सप्तत्यागी सुखी भव ॥४९॥

शस्त्रधारी विषसेवी एक मर्दछ केवल ।
राजाप्रजा सबै नष्ट राजाको मन्त्र विप्लव ॥५०॥

मिठो एक्लै नखानू है, एक्लै हुन्न निर्णय ।
एक्लो यात्रा क्षतिग्रस्त, एक्लै जाग्नु निरर्थक ॥५१॥

सत्य हो स्वर्ग सोपान, नौका साधन सागर ।
यो सत्य नबुझेसम्म अर्को उपाय के छ र ॥५२॥

क्षमाशील पुरुषको क्षमा नै एक दोष हो ।
क्षमाशील हुँदा दोष असमर्थ रहेछ यो ॥५३॥

यो क्षमाशीलता नै हो व्यक्तिको परमोबल ।
अशक्त व्यक्तिको गुण सशक्त व्यक्ति भूषण ॥५४॥

क्षमाको वशमा लोक क्षमाले के हुँदैन र ।
जसको हातमा शान्ति के पो गर्दछ दुर्जन ॥५५॥

अतृणमा खसे आगो तुरुन्तै शान्त बन्दछ ।
अक्षमावान व्यक्तिले सर्वत्र दोष देख्दछ ॥५६॥

धर्म एक परम् श्रेय क्षमा हो शान्ति उत्तम ।
विद्याले परमा तृप्ति अहिंसा सुखसाधन ॥५७॥

दुलो निवासी भ्यागुतो आहारा हुन्छ सर्पको ।
अविरोधी महाराजा आप्रवासी द्विजक्षय ॥५८॥

दुईटा कर्म गर्नाले मानिस हुन्छ शोभित ।
नबोल्नू क्रूर वचन, दुष्टको गर्नू आदर ॥५९॥

निर्धनी व्यक्तिको इच्छा भूमि, भवन, वाहन ।
अशक्त व्यक्तिको इच्छा सशक्त गर्ने शासन ॥६०॥

दुवै शरीरका निम्ति अत्यन्तै हानिकारक ।
दुवै इच्छा सदाकाल हो अत्यन्तै विनाशक ॥६१॥

गृहस्थाश्रमी भिक्षुक, गृहस्थी भिक्षुकाश्रमी ।
विपरीत पन्थका मार्गी सदैव हुन्छ निन्दित ॥६२॥

शक्तिशाली, क्षमाशील, प्रदाता छ दरिद्र जो ।
छ आजको जमानामा भने त्यो देवतुल्य हो ॥६३॥

सत्पात्रबाट खोसेर अपात्र व्यक्तिमा धन ।
न्यायको दृष्टिले हेर्दा हो अत्यन्तै व्यतिक्रम ॥६४॥

धनीले दान गर्दैन, तपस्वी सुख खोज्दछ ।
शिला बाँधेर घाँटीमा नदीमा फाल्नुपर्दछ ॥६५॥

सङ्ग्राममा मृत योद्धा प्रवीण योगमार्गमा ।
त्यो पुरुषार्थीले गर्छ सूर्यमण्डल भेदन ॥६६॥

व्यक्तिको न्याय प्राप्तिमा उत्तमामध्यमाधमा ।
उपायको महाज्ञान न्यायवेत्ता प्रवीणमा ॥६७॥

तीन प्रकारका व्यक्ति उत्तमामध्यमाधमा ।
यथायोग्य दिनुपर्छ भोजन, कार्य, साधन ॥६८॥

अरूमा दिन पर्दैन यी त्रय आर्जित धन ।
आफ्नै खर्च अधिकार दास, भार्या र पुत्रमा ॥६९॥

अरूको धन चोरेर अर्काकी पत्नीमा सुख ।
मित्रलाई परित्याग अपराध अक्षम्य छ ॥७०॥

काम, क्रोध तथा लोभ ठूला नरकद्वारमा ।
यसको त्याग गर्नाले जानुपर्दैन नर्कमा ॥७१॥

साम्राज्य वरको प्राप्ति घरमा पुत्र जन्मन ।
अपार सुखको भन्दा सुख हो शत्रु मोक्षण ॥७२॥ क्रमशः

-कपन, काठमाडौं

श्रीरामकृष्ण तथा ज्ञानयोग

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अघिल्लो अंकबाट क्रमशः

सेवकसँग

रातिको दश-एघार बजेको होला । श्रीरामकृष्ण आफ्नो सानो खाटमा तकियाको सहारा लिएर विश्राम गरिरहनुभएको छ । मणि भुइँमा बसेका छन् । मणिसँग श्रीरामकृष्ण कुराकानी गर्नुहुँदै छ ।

कोठाको भित्तामा रहेको दीपदानीमा दियो बलिरहेछ । आफ्ना भक्तहरूप्रति श्रीरामकृष्ण दयावान् हुनुहुन्छ । आफ्नो सेवा गर्ने अवसर दिएर श्रीरामकृष्ण मास्टरमाथि कृपा गर्न चाहनुहुन्छ ।

श्रीरामकृष्ण- मेरा पैताला दुखिर हेछन्, अलि हात लगाइदेऊ त ।

मणि श्रीरामकृष्णका पाउतर्फ सानो खाटमा बसेर बिस्तारै पाउ सहलाउँदै छन् । बीच-बीचमा श्रीरामकृष्ण कुराकानी गरिरहनुहुन्छ ।

श्रीरामकृष्ण- आजको कुरा कस्तो लाग्यो तिमीलाई ?

मणि- ज्यादै राम्रो, हजुर ।

श्रीरामकृष्ण- (साहास्य) अकबर वादशाहको कुरा कस्तो भयो ?

मणि- अँ, राम्रो भयो ।

श्रीरामकृष्ण- कुन कुरा ? भन त ल ।

मणि- फकिर वादशाहसँग भेट गर्न आएका थिए । अकबर वादशाह त्यसबखत नमाज पढिरहेका थिए । नमाज पढ्दै ईश्वरसँग धनदौलतका लागि प्रार्थना गर्थे । यो सुनेर फकिर बिस्तारै आफ्नो घर फर्के । पछि अकबर वादशाहले सोध्दा उनले भने, "यदि माग्नु नै छ भने भिखारीसँग किन माँगू ?"

श्रीरामकृष्ण- अरू कुन-कुन कुरा भएको थियो ?

मणि- सञ्चयको कुरा खुबै भयो ।

श्रीरामकृष्ण (सहास्य)- कुन-कुन कुरा ?

मणि- जब ज्ञान रहन्छ कि मैले प्रयत्न गर्नुपर्छ, तबसम्म प्रयत्न गर्नैपर्छ । सञ्चयका कुरा कस्तो गर्नुभयो सिर्तीमा हजुरले ?

श्रीरामकृष्ण- कुन-कुन कुरा भनेँ मैले ?

मणि- जो पूर्ण रूपमा उहाँप्रति अवलम्बित छ, त्यसको भार उहाँले लिनुहुन्छ पनि, नाबालिगलाई भोजनको निम्तो छ, त्यहाँ सानो बच्चाले आफैँ स्थान ग्रहण गर्न सक्दैन, अरूले लिए जस्तै उसलाई खानलाई ठाउँमा बसालिदिन्छन् ।

श्रीरामकृष्ण- होइन, यो ठीक भएन । बाबुले यदि छोराको हात समातेर डोऱ्यायो भने छोरो लड्न सक्दैन ।

मणि- अनि, आज हजुरले तीन किसिमका साधुहरूको कुरा पनि भन्नुभएको थियो । उत्तम साधुलाई बसी-बसी भोजन प्राप्त हुन्छ, उसलाई यताउति कतै भौंतारिनुपर्दैन । हजुरले त्यस बालक साधुको कुरा गर्नुभएको थियो । उसले केटीको स्तन देखेर सोधेको थियो, यसका छातीमा कसरी फोका भए ? अरू पनि राम्रा-राम्रा कुराहरू हजुरले गर्नुभएको थियो, सबै कुरा कति उँचा थिए ।

श्रीरामकृष्ण- कुन-कुन कुराहरू ?

मणि- पम्पा सरोवरको त्यस कागको कुरा । दिनरात रामनाम जपेको छ, यसैले पानीनजिकै पुगेर पनि नाम विस्मरणको डरले पानी पिउन सक्दैन । अनि त्यस साधुको किताबको कुरा, जसमा खाली श्रीराम मात्र लेखिएको थियो ।

अनि हनुमानले श्रीरामजीसँग केही कुरा भन्नुभएको थियो ।

श्रीरामकृष्ण- के भन्नुभएको थियो ?

मणि- सीतालाई मैले देखेँ, खालि उहाँको देह मात्र लङ्कामा रहेको छ, मन र प्राण सब हजुरकै श्रीचरणमा उहाँले अर्पित गर्नुभएको छ ।

"अनि चातकको कुरा, स्वातीमा परेको पानीका थोपाहरू छोडी अर्को पानी पिउँदैन । र, ज्ञानयोग र भक्तियोगको कुरा पनि ।"

श्रीरामकृष्ण- कस्तो कुरा ?

मणि- जबसम्म कुम्भको ज्ञान हुन्छ, त्यतिन्जेलसम्म 'म

कुम्भ हुँ को' भाव रहिरहनेछ । जबसम्म 'म' छ, तबसम्म म भक्त हुँ, तिमी भगवान् हौ भन्ने पनि रहनेछ ।

श्रीरामकृष्ण- होइन, कुम्भको ज्ञान रहोस् वा नरहोस्, कुम्भ भेटिन सक्दैन । त्यसै गरी 'म' पनि मेटिन सक्दैन । चाहे लाख विचार गर, त्यो जाँदैन ।

मणि केही बेर चुप लागे । अनि भने- "काली मन्दिरमा ईशान मुखर्जीसँग हजुरको कुराकानी भएको थियो । सौभाग्यवश, त्यसबखत हामी पनि त्यहाँ थियौँ र सबै कुरा सुनेका थियौँ ।"

श्रीरामकृष्ण (साहास्य)- हो, कुन-कुन कुरा भएको थियो, भन त लौ ।

मणि- हजुरले भन्नुभएको थियो, कर्मकाण्ड पहिलो अवस्थाको क्रिया हो, शम्भु मल्लिकसँग हजुरले भन्नुभएको थियो, यदि ईश्वर तिम्रो अगाडि प्रकट हुनुभयो भने के तिमी उहाँसँग केही अस्पतालहरू र दबाखानाहरूका लागि प्रार्थना गर्छौ ? एउटा अर्को कुरा पनि भएको थियो, त्यो थियो, जबसम्म कर्महरूमा आसक्ति रहन्छ, त्यसबखतसम्म ईश्वर दर्शन दिनुहुन्न । केशव सँगसँगै यसै सम्बन्घको कुरा हजुरले गर्नुभएको थियो ।

श्रीरामकृष्ण- कुन-कुन कुरा ?

मणि- जबसम्म बच्चा खेलौनामा भुलिरहन्छ, त्यसबखतसम्म आमा रोटी-पानीमा लागि रहन्छिन् तर खेलौना फ्याँकेर जब बच्चा चिच्याउन थाल्छ, तब आमा तावा उतारेर बच्चातर्फ दौडिन्छिन् । "एउटा अर्को कुरा, त्यस दिन भएको थियो । लक्ष्मणले सोधेका थिए, 'कहाँ कहाँ ईश्वरको दर्शन हुन सक्छ ?' रामले धेरै कुरा भन्नुभयो र पछि भन्नुभयो, 'भाइ, जुन मानिसमा यथार्थ भक्ति पाउँछौ, यस्तो भक्ति कि ऊ हाँस्छ, रून्छ, नाच्छ, गाउँछ, प्रेमका मारे मतवाला भएको छ, त्यहाँ जान्नु, म अवश्य नै छु ।"

श्रीरामकृष्ण- आहा, आहा ! यति भनेपछि श्रीरामकृष्ण केही बेर चुप हुनुभयो ।

मणि- ईशानसँग त हजुरले केवल निवृत्तिका कुरा गर्नुभएको थियो । त्यसै दिनदेखि धेरैको बुद्धि ठेगानमा आयो । अब कर्तव्य-कर्महरू घटाउनतर्फ हामी लागेका छौँ । हजुरले भन्नुभएको थियो, "अर्काको झन्झट किन आफ्नो टाउकोमा लिने ? लङ्कामा रावण मर्‍यो, यता बेहुला डाँको छोडेर रून लाग्यो उसका लागि ।"

श्रीरामकृष्ण- यो कुरा सुनेर बडो जोडले हाँस्नुभयो ।

मणि (बडो विनयपूर्वक)- हजुर, कर्तव्य-कर्म आदि जन्जाल हटाउँदै जानु राम्रो होइन ?

श्रीरामकृष्ण- हो तर सामुन्ने कोही आइपर्‍यो भने कुरा अलग हो । साधु अथवा कोही गरिब मानिस अगाडि पर्‍यो भने उसको सेवा गर्नुपर्छ ।

मणि- अनि त्यस दिन ईशान मुखर्जीसँग खुसामदीहरूको पनि हजुरले खुब भन्नुभयो । तिनीहरू मुर्दामाथि गिद्धसरि घुमाइरन्छन् । यही कुरा हजुरले पण्डित पद्मलोचनसँग पनि भन्नुभएको थियो ।

श्रीरामकृष्ण- होइन, उलोका वामनदाससँग भनेको थियो ।

श्रीरामकृष्णलाई निद्रा लागिरहेछ । उहाँले मणिसँग भन्नुभयो, "तिमी अब गएर सुत । गोपाल कहाँ गयो ? ढोका लगाइदिनु तर साङ्लो नचढाउनु ।"

भोलिपल्ट सोमबार थियो । श्रीरामकृष्ण सबेरै प्रातकाल बिछ्यौनाबाट उठेर देवीदेवताहरूको नाम लिइरहनुभएको छ । बीच-बीचमा गङ्गाको दर्शन पनि गर्नुहुन्छ । उता काली र श्रीराधाकान्तका मन्दिरमा मङ्गल आरती भइरहेछ । मणि श्रीरामकृष्णको कोठामा भुइँमा सुतेका थिए । उनी पनि बिछ्यौनाबाट उठेर सबै सुनिर हेछन् । प्रातःकृत्य सकेपछि उनी श्रीरामकृष्णकहाँ आए ।

श्रीरामकृष्ण स्नान गरेर काली मन्दिरतर्फ गइरहनुभएको छ । उहाँले मणिलाई कोठामा ताल्चा लगाएर आउनु भन्नुभयो ।

काली मन्दिरमा गएर श्रीरामकृष्ण आसनमा बस्नुभयो र फूल लिएर कहिले आफ्नो मस्तकमा, कहिले श्रीकालीका पादपद्मउपर चढाउनुहुन्छ । अनि चमर-पङ्खा लिएर हम्कन लाग्नुभयो ।

श्रीरामकृष्ण आफ्नो कोठामा फर्किनुभयो । मणिलाई ताल्चा खोल्न लगाउनुभयो । कोठामा पसेपछि आफ्नो सानो खटियामा बस्नुभयो । यसबखत भावमा मग्न हुनुहुन्छ र नाम लिइरहनुभएको छ । मणि भुइँमा एक्लै बसिरहेका छन् ।

श्रीरामकृष्ण गाउन लाग्नुभयो, श्रीजगदम्बाका बारेमा । भावमा मस्त हुनुभएका उहाँ गीतबाट मणिलाई शिक्षा दिइरहनुभएको छ कि काली नै ब्रह्म हुन्, काली निर्गुण छिन् अनि सगुण पनि छिन्, अरूपा छिन् र अनन्त

रूपिणी पनि हुन् ।

गाना (भावार्थ)- ऐ, तारिणी मेरो त्राण गर । छिटो गरिदेऊ, यहाँ यमको त्रासबाट मेरो ज्यान गइरहेछ । तिमी जगदम्बा हौ, तिमी लोकहरूलाई पालना गर्छ्यौ, मानिसहरूलाई मुग्ध पनि तिमी नै पार्छ्यौ, तिमी संसारको जननी हौ यशोदाका कोखबाट जन्म लिएर कृष्णलीलालाई तिमीले नै सघाएकी थियौ ।

"वृन्दावनमा तिमी विनोदिनी राधिका थियौ, व्रजबल्लभ कृष्णसँग तिमीले विहार गरेकी थियौ । रासरङ्गिनी र रसमयी भएर रासमा तिमीले आफ्नो लीला प्रकाशित गर्‍यौ ।"

"तिमी शिवानी हौ, सनातनी हौ, ईशानी हौ, सदानन्दमयी छ्यौ । सगुणा पनि हौ, निर्गुण पनि हौ । सधैँ नै तिमी शिवकी प्यारी छौ, तिम्रो महिमा भन्न योग्य यस्तो को छ ?"

"माता कालीलाई कसले बुझ्न सकेको छ र ? षड्दर्शनसमेत उहाँलाई प्रकट गर्न सक्दैनन् । शास्त्र भन्छन्, भित्रको चैतन्य नै उनै हुन् । उहाँ आफ्नै इच्छाले नै आफूलाई सर्वत्र ओतप्रोत राख्नुहुन्छ ।"

"सारा सृष्टि मेरी पागली आमाको खेल हो । उनैको मायामा त्रिलोक मोहित छ ।" मणि मनमनै श्रीरामकृष्णले यो गाना गाउनुभए हुन्थ्यो भन्ने ठान्छन्, नभन्दै श्रीरामकृष्णले उनको मनको उब्जेको गाना गाउनुभयो- "माता अब हजुरले मलाई धेरै छक्याउन सक्नुहुन्न, मैले हजुरको अरूण चरणकमलको दर्शन गरिसकेको छु ।"

केही बेरपछि श्रीरामकृष्णले सोध्नुभयो, "अँ, यसबखत तिमीले मेरो कस्तो अवस्था देखिरहेका छौ ? "

मणि (साहास्य)- यो हजुरको सहज अवस्था हो ।

श्रीरामकृष्ण मनैमन यो गीतको एक चरण अलाप्नुहुन्छ । सरल नभइकन, त्यो सहज सरल परमेश्वरलाई कसरी चिन्न सकिन्छ र ? (परिच्छेद १०२ समाप्त)

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी
श्रीरामकृष्णवचनामृतबाट अनुदित

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-



श्रीरामकृष्ण
आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मो. ९८६२५९६५७२

जय गौमाता !
पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरुले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं ।
हरेक दिन गाईबाच्छाहरुका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरु र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरुलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

नन्दी सेवा स्थल
मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान
फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

भगवान् श्रीकृष्ण र कर्णको बीच सम्वाद

- प्रेममान डंगोल

महाभारतमा कर्णले श्रीकृष्णसँग सोधे- "मेरी आमाले मलाई जन्माउने वित्तिकै त्याग गरिन् । मेरो के अपराध थियो कि मेरी आमाको कोखबाट मैले अवैध बच्चाको रूपमा जन्म लिनु पऱ्यो ? अहिले मलाई जे जति अवसर प्राप्त भएको छ, त्यो दुर्योधनको दयाबाट पाएको हुँ । तब यो के गलत भयो कि म दुर्योधनप्रति वफादार भएको छु ।"

तब श्रीकृष्णले अलि अलि मुस्कुराउँदै भने- "कर्ण मेरो जन्म जेलमा भएको थियो । म जन्मिनु भन्दा अघि नै मृत्यु मेरो प्रतिक्षा गरिरहेको थियो । जुन रात मेरो जन्म भएको थियो, त्यही रातमा यशोदा मैंयाकहाँ लगिएको थियो । मेरो बचपन रथको धमक, घोडाको हिनहिनाहट, तीर कमानको छाँयामा बित्यो । मैले गाई चराएँ र गाईको गोबर पनि सोहरें । जब म चल्न पनि सक्दिन थिएँ त्यति बेला मलाई प्राणघातक हमला भएको थियो । कुनै सेना छैन, कुनै शिक्षा छैन, कुनै गुरूकुल छैन, कुनै महल छैन, मामाले मलाई आफ्नो ठूलो शत्रु सम्झे । जब तिमी सबै आफ्नो वीरताको लागि आफ्नो गुरू र समाजको लागि प्रशंसा पाइरहेका थियौ । उसै समयमा मेरो साथमा शिक्षा पनि थिएन । १६ वर्षको उमेरमा मात्र मलाई ऋषि संदीपनिको आश्रममा जाने अवसर मिलेको थियो ।

तिमीलाई आफ्नो मनपर्ने जीवन साथीसँग विवाहको अवसर प्राप्त भयो । तर मलाई त त्यो अवसर पनि मिलेन, जो मेरो आत्मामा बसेकी थिइन् । मैले धेरै विवाह त राजनैतिक कारणहरूले तथा मैले राक्षसहरूबाट छुटाएका स्त्रीहरूसँग गर्नु पऱ्यो ।"

जरासन्धको प्रकोपको कारण मेरा सारा कुटुम्ब यमुनाबाट सुदूर प्रान्तमा समुद्रको किनारमा बस्नु पऱ्यो । दुनियाले मलाई कायर भने । यदि दुर्योधनले युद्धमा जितेको भए विजयको श्रय तिमीलाई मिल्थ्यो । तर धर्म युद्धमा जित्ने श्रय अर्जुनलाई मिल्थ्यो । आफ्नो हारको उत्तरदायी सम्झिन्थ्यो ।

हे कर्ण, कसैको पनि जीवन चुनौतिरहित छैन, सबैको जीवनमा सबै ठिक हुँदैन । केही कमी दुर्योधनमा थियो भने केही कमी युधिष्ठिरमा पनि थियो । सत्य र चित त हाम्रो आफ्नै आत्माको आवाजद्वारा स्वयं निर्धारित हुन्छ । यस कुरामा केही फरक पर्दैन कि कति पटक हामीलाई अन्याय हुन्छ ? कति पटक हाम्रो अपमान भएको छ ? कति पटक हाम्रो अधिकारको हनन भएको छ ? फरक केवल यस कुरामा पर्छ कि हामी ती सबका सामना कुन प्रकारले गर्दछौं । जीवनमा कुनै एक परिस्थितिको लागि हामी कुनै दोस्रो परिस्थितिलाई जिम्मेवार ठहराउन सक्दैनौं । जीवनको संघर्षपूर्ण समयले नै हाम्रो भाग्यको निर्णय गर्दछ ।

ईश्वरले हामीलाई मस्तिष्क दिएका छन् र त्यसको प्रयोग गर्ने जिम्मा हाम्रै हो । ईश्वरले हामीलाई दुई हात दिएका छन्, त्यसैको प्रयोगले धरतीमा सुन उमार्नु छ । ईश्वरले हामीलाई खुट्टा दिएका छन्, कुन बाटोमा हिंड्ने भन्ने जिम्मा त हाम्रो हो । संघर्ष त दुवैतर्फ छ । तर हामीले कृष्ण जस्तै सामना गर्ने कि कर्णको जस्तै गुनासो गर्ने यो निर्णय भने हाम्रै हो ।❖

-नयाँ बजार, काठमाडौं

एकादशी व्रत

- डा. विनु बाबा अर्याल

एकादशीको उत्पत्ति

पद्मपुराणअनुसार, अघि कुनै समयमा नैमिषारण्य नाम गरेको क्षेत्रमा शौनकादि गरिएका ८८ हजार ऋषिहरू रहनुहुन्थ्यो । कुनै दिन व्यासका शिष्य सुतजी तीर्थाटन गर्दै उहीं पुग्नुभयो । उहाँलाई त्यहाँ उपस्थित भएको देखेर सबै ऋषिहरूले स्वागत गरी व्यासासनमा बसाले र एकादशीहरूको महात्म्य सुन्ने इच्छा जाहेर गरे । निर्मल आकाशमा ताराहरूको बीचमा पूर्ण चन्द्रमाले शोभा दिएझैँ ऋषिहरूका बीचमा व्यासाशनमा बसेर सुतजीले 'ऋषिमुनिहरूको मुखारवृन्दबाट आएको भनी श्रीकृष्णले अर्जुन सहित पाँचै पाण्डवलाई सुनाउनु भएको' अनि व्यासको मुखारविन्दबाटै मैले सुनेको सोही कथा तपाईहरूलाई सुनाउँछु भनी सौनकादि गरिएका ८८ हजार ऋषिहरूलाई एकादशीको उत्पत्ति र यसको महात्म्यका बारेमा सुनाउन लाग्नुभयो ।

उहाँले भन्नुभयो- अघि ब्रह्माजीका नाडीजन वंशका तालजंग नामको एउटा नैतिक चन्द्रावती नामको नगरमा बस्दथ्यो । मुरामुर वा मुर नामक दैत्य अत्यन्त शक्तिशाली भएर स्वर्ग मर्त्य र पातल तिनै लोकमाथि विजय हासिल गरेर सबै माथि अत्याचार गर्न थाल्यो । अत्यन्त बलशाली त्यस दैत्यको भयले डराएर इन्द्रादि सबै देवताहरू शिवको शरणमा गई त्यस मुरामुर दैत्यको संहार गर्न अनुरोध गर्दा भगवान् शिवले यस कार्यको सफलता भगवान् विष्णुबाट हुन्छ भनी विष्णु कहाँ पठाउनुभयो ।

विष्णु र मुर दैत्यको बीच ठूलो युद्ध भयो । विष्णुले त्यस दैत्यलाई जित्न नसकी डराएर भाग्दै बदरिकाश्रम नजिकैको हेमवती नामको ठूलो गुफा भित्र लुकेर थकाई मार्न सुत्नुभयो र निदाउनुभयो । त्यस दैत्य उहाँलाई खोज्दै त्यही आइपुग्यो । र, विष्णु भगवान्लाई सुतेको देखेर मार्न तयार हुँदा उहाँलाई बचाउन भगवान् विष्णुको शरीरबाट एउटी अत्यन्त सुन्दरी महामाया कन्या उत्पन्न भई त्यस मुर दैत्यको शिर काटी हत्या गरिदिइन् ।

शिर काटिएको त्यस विशाल काय दैत्य ढल्दा ठूलो आवाज आयो र निदाइरहनु भएको भगवान् विष्णु ब्युँझनुभयो । ब्युँझेर हेर्दा दैत्यको शिर छेदन भई ढलेको र नजिक एउटी सुन्दरी कन्या उभिएको देखेर यसको हत्या कसले गरेको हो भनी सोध्नुहुँदा ती कन्याले भनिन् कि 'तपाईं निद्रामा हुँदा यसले तपाईंलाई मार्न लाग्दा म तपाईंको शरीरबाट उत्पन्न भई त्योसँग युद्ध गरी त्यसको हत्या गरिदिएँ ।' यो कुरा सुनेर भगवान् विष्णु अत्यन्त खुसी हुनु भई आज एकादशीका दिन उत्पन्न भएकी हे नानी ! आजबाट तिम्रो नाम एकादशी भयो भन्दै मसँग वरदान माग भन्नुभयो । तब ती एकादशीले भनिन् 'हे भगवान् ! यदि मसँग तपाईं प्रसन्न हुनुहुन्छ र मलाई वर दिनुहुन्छ भने त्यो बर दिनुहोस् जुन वरले म एकादशीको व्रतमा लागि परेको मनुष्यलाई उसका महान पापहरूदेखि उद्धार गर्न सकुँ । जो एकादशीको तिथिको दिन आफ्ना इन्द्रियहरूलाई जितेर भक्तिपूर्वक व्रत गर्दछ, त्यो जन मरेपछि वैष्णव लोकमा गएर कल्पकल्पसम्म नाना प्रकारका सुखभोग भोग्दै रहन पाउन् । तपाईंका कृपाले मलाई यही वर प्राप्त होस् । जो मानिस पुरै उपवास अथवा रात्री भोजन गरेर उपवास अथवा दिनमा एकपटक मात्र खाएर व्रत गर्दछ, त्यसलाई धर्म, वैभव, धन र अन्तमा मोक्ष दिनुहोस् ।'

तब भगवान् विष्णुले उनलाई 'मेरो रक्षा गर्ने हे देवी ! लोकमा सबैले तिमीलाई म समान मानून् र तिम्रो व्रत बस्नेले मेरो व्रत बसे समान पुण्य र आशीर्वाद पाई अन्त्यमा बैकुण्ठमा बास पाउन्' भनी आफ्नो प्रिय तिथि भए भनी थप वरदान समेत दिनुभयो । मेरो भक्तिमा लागि परेकी तिमी

एकादशीको दिन उत्पन्न भएकी छौ, यसकारण एकादशी नै तिम्रो नाम पनि हुनेछ तथा एकादशीको व्रत गर्नेलाई उसका सारा पापलाई डढाएर उसलाई अविनाशी स्थान दिइनेछ। एकादशीको व्रतको पुण्य सबै तीर्थहरूको पुण्य भन्दा अधिक हुन्छ अनि यसको फल सब प्रकारका दानको भन्दा अधिक फल दिने हुन्छ। अरू तिथिहरूको व्रतभन्दा अधिक पुण्य दिने हुन्छ। यो कुरा तिमीलाई म साँचो साँचो भनिरहेको छु। यस्ता प्रकारबाट वर दिएर भगवान् त्यही नै अल्पनुभयो। तब यो एकादशी तिथि पनि त्यस्तो बर पाएर अत्यन्तै प्रसन्न र तृप्त भइन्।

एकादशी व्रतको गणना

नित्य र काम्य गरी व्रत दुई किसिमका हुन्छन्। कुनै कामना पूर्तिका लागि गरिने व्रतलाई काम्य भनिन्छ। विना कामना निष्काम भावले गर्ने व्रतलाई नित्य व्रत भनिन्छ। त्यसमध्ये एकादशीको व्रतलाई नित्य व्रतमा गणना गरिएको छ। अतः यो वैदिक धर्मालम्बी जो सुकैका लागि सदैव अनुष्ठेय अर्थात् गर्नुपर्ने ठहरिन्छ।

हरेक चन्द्रमासका दुई पक्ष कृष्णपक्ष र शुक्लपक्षका एघारौँ दिन वा तिथिको नाम एकादशी हो। महिनाको दुई वटाका दरले वर्षमा २४ वटा एकादशीहरू पर्दछन् भने हरेक ३२ महिना १६ दिन १ घण्टा ३६ मिनेट पछि आउने अतिरिक्त महिनामा मलमास वा पुरूषोत्तम महिनामा पर्ने दुईवटा एकादशी समेत गरी जम्मा २६ वटा एकादशीहरू रहेका छन्। ती एकादशीका नामहरू यसप्रकारका छन्–

१ वैशाख– कृष्णपक्ष बरूथिनी, शुक्लपक्ष मोहिनी।

२. जेष्ठ– कृष्णपक्ष अपरा, शुक्लपक्ष निर्जला।

३. आषाढ– कृष्णपक्ष योगिनी, शुक्लपक्ष हरिशयनी।

४. श्रावण– कृष्णपक्ष कामिका, शुक्लपक्ष पुत्रदा।

५. भाद्र– कृष्णपक्ष अजा, शुक्लपक्ष हरिपरिवर्तनी।

६. आश्विन– कृष्णपक्ष इन्दिरा,शुक्लपक्ष पापाङ्कुसा।

७. कार्तिक– कृष्णपक्ष रमा, शुक्लपक्ष हरिबोधनी।

८. मार्गशीर्ष– कृष्णपक्ष उत्पत्तिका, शुक्लपक्ष मोक्षदा।

९. पौष– शुक्लपक्ष सफला, कृष्णपक्ष पुत्रदा।

१०. माघ– कृष्णपक्ष षड्तिला, शुक्लपक्ष जया (भीष्मा)।

११. फागुन– कृष्णपक्ष विजया, शुक्लपक्ष आमलकी।

१२. चैत्र– कृष्णपक्ष पापमोचनी, शुक्लपक्ष कामदा।

१३. पुरूषोत्तम महिना– कृष्णपक्ष परमा(कामदा) र कृष्णपक्ष पद्मिनी (कमला) एकादशी।

यस प्रकार २६ वटा एकादशीका नामहरूमध्ये श्रावण शुक्लपक्षको र पौष शुक्लपक्षको एकादशीका नाम पुत्रदा रहेको छ भने चैत्र शुक्लपक्षको एकादशी र पुरूषोत्तम महिनाको कृष्णपक्षको एकादशीको नाम पनि कामदा रहेको छ। तथापि ती एकादशीका महात्म्य भने फरक फरक रहेका छन्। दुई दिन एकादशी तिथि पर्न गएको बेला अघिल्लो दिन स्मार्त/शैव सन्त महात्महरूले र भोलिपल्ट वैष्णव गृहस्थहरूले व्रत बस्ने गर्दछन्। पद्म पुराणका अनुसार एकादशीको व्रत बस्नाले हजारौं गुणा भन्दा बढी फल मिल्दछ भने यस प्रकार उल्लेख भएको छ–

अश्वमेध सहश्राणी राजसूय सतानी च
एकादश्युपवासस्य कलां नार्हन्ति षोडशीम्।

अर्थात् हजारौँ अश्वमेध र सय कडौँ राजसूय यज्ञको महत्त्व एकादशी व्रतको १६ औँ भागको एक भाग जति पनि हुँदैन। यहाँ शत प्रतिशतलाई १६ कला भनिएको छ। अन्य व्रतमा संकल्प गरेपछि व्रत प्रारम्भ हुन्छ भने एकादशीको व्रतमा संकल्प गरिरहनु पर्दैन।

भगवान् कृष्णसँग पाण्डुपुत्र युधिष्ठिरले एकादशीको व्रत महात्य सुन्ने इच्छालाई बाह्रै महिनाका एकादशीका व्रत महात्मय सुनाउनुहुँदै जेठ कृष्णपक्षको एकादशी धेरै ठूलाठूला पापहरूलाई पनि नाश गरेर धेरै धेरै पुण्य दिनेवाला छ। 'अपरा' नामको यो एकादशीले पार पाइ नसक्नुको पुण्य फल दिनेवाला छ। जो मनुष्य यो अपरा एकादशीको व्रत गर्दछ त्यो जन संसारमा प्रसिद्धि पाउँछ। अर्थात् लोकमा उसको कृति फिजिन्छ। ब्रह्महत्या, गोत्रहत्या, भ्रुण (गर्व) हत्या सधैं अर्काको निन्दा गरेर हिँड्ने, अर्काको स्त्रीमाथि कुदृष्टि राख्ने, जो अशुद्ध वेद पढ्दछ, झुठा झुठा कामहरू गर्दछ, असत्यमा हिँड्दछ, गुरूको निन्दा गर्दछ, आफ्नो कर्मबाट भाग्दछ, त्यस्तो उग्रपापी पनि अपरा एकादशीको व्रत गर्ने गऱ्यो भने त्यस उग्रपापबाट त्यागेर स्वर्ग जान्छ भनेका छन्।

जस्तोसुकै पापी पनि अपरा एकादशीको व्रत बस्यो भने असल गतिमा पुग्दछ। पापरूपी अन्धकार नाश पार्न

साथैमा वासुदेवको मन्दिरमा पुऱ्याइदियो भन्ने जान । शान्त चित्तले दान गरेर अनि हरिको पूजा गरेर रातभर जाग्रम गरेर जो मनुष्यले यो निर्जलाको व्रत गर्छ, खानपान तथा गाई, वस्त्र, राम्रा राम्रा आसन, कमण्डलु अनि छाता जसले दान गर्दछ तथा सत्पात्र ब्राह्मणलाई जुत्ता पनि दान गर्दछ भने त्यो त्यस्तो व्रती निश्चय नै मरेपछि सुनको विमानद्वारा स्वर्गलोकमा जान्छ । यस्ता प्रकारले जसले सारा पापलाई नाश गर्ने निर्जलाको व्रत गरेर द्वादशीका दिन ब्राह्मण भोजन गराउँछ, त्यो त्यस्तो मनुष्य सारा पापबाट हटेर अविनाशी स्थान पाउँदछ । जसले भक्तिपूर्वक यो कथा सुन्दछ अथवा पढ्दछ, ती दुवै प्रकारका जन स्वर्गमा जान्छन् । यसमा कुनै सन्देह पनि शङ्का छैन यति सुनेपछि भीमले पनि एकादशीको कल्याणकारी व्रत गर्न थाले र द्वादशीका दिन प्रशस्त ब्राह्मणहरूलाई भोजन गराउने गरे ।

हरिशयनी र हरिबोधनीलाई ठुली एकादशी भन्ने गरिन्छ । जसको महिमा ठूलो छ । सम्पूर्ण पाप नाश गर्ने यस हरिशयनी एकादशीको महत्त्वबारे श्रीकृष्णले युधिष्ठिरलाई बताउनुभएको कुरा पनि पद्मपुराणमा उल्लेख छ । आषाढ शुक्ल एकादशीका दिन सुतेका विष्णु निद्रा अवस्थामा भाद्र शुक्ल पक्षको एकादशीको दिन कोल्टे फेरेर अर्कोपट्टि फर्केकाले त्यस दिनलाई हरि परिवर्तनी एकादशी भनी यसको नामाकरण भएको हो । यस एकादशीमा ऋषिकेश नामधारी विष्णुको पूजा गरी विशेषत तामा चाँदी चामल र दही दान गरेमा शुभ हुने कुरा एकादशी महात्म्यमा बताइएको छ । विष्णु भगवान्का लागि उत्तरायणका हाम्रो छ महिना एक दिन हो भने दक्षिणायणका हाम्रो छ महिना एक रात हो ।

हरि परिवर्तिनी एकादशी व्रतकथा राजबली वा बामन अवतारसँग सम्बन्धित छ । यसैगरी कार्तिक शुक्ल एकादशीलाई हरिबोधनी एकादशी भनिन्छ । सृष्टिकालमा मधु र कैट नामका दुई दैत्यहरूसँग युद्ध गरी तिनलाई मारेपछि थाकेका भगवान् विष्णुले क्षिर सागरमा शेषनागको

यो व्रत सूर्य जस्तै तेजिलो छ । सारा पापबाट छुटेर मनुष्य विष्णु लोकमा जान पाउँदछ । युधिष्ठिरले यसैगरी भगवान् श्रीकृष्णसँग जेष्ठ शुक्ल पक्षको एकादशीको समेत महिमा वर्णन गर्दै भन्नुहुन्छ– 'दुवै पक्षको एकादशीहरूमा भोजन गर्नु हुँदैन । द्वादशीमा स्नान आदि पवित्र भएर भगवान् केशवको पूजा आदि नित्यकर्म समाप्त गरेपछि ब्राह्मणलाई भोजन गराएर मात्र स्वयंले भोजन गरोस् । जुठो, सुतकमा एकादशीमा भोजन गर्नुहुँदैन । यो सुनेर पाण्डव पुत्र भीमसेनले भने कि– हे पितामह ! म उपवास बस्नमा असमर्थ छु । धेरै पुण्य फल मिल्ने कुनै पनि एउटा व्रत बताइदिनुहोस् । तब व्यासले भन्नुभयो वृष राशिमा वा मिथुन राशिमा सूर्य रहेको जेठ महिनामा जो शुक्ल एकादशी हुन्छ त्यसलाई निर्जल रहेर व्रत गर्नुपर्दछ । एकादशीको उदयदेखि द्वादशीको उदय नभएसम्म त्यसरी पानी त्यागेर व्रत गऱ्यो भने विनाश्रम नै बाह्रै एकादशीको व्रतको फल त्यसले पाउँदछ । एक वर्षभित्र जति एकादशी हुन्छन्, ती सबैको फल निर्जलाको त्यस्तो प्रकारको व्रतले निसन्देह प्राप्त हुन्छ । यो कुरा मलाई साक्षात शङ्ख, चक्र गदाधारण गर्ने भगवान् केशवले भन्नुभएको हो । जो मनुष्य यस निर्जला एकादशीमा प्रत्येक प्रहरमा स्नान, दान, जप, होम गर्दछ भने त्यो जन करोडौं सुवर्ण दानको पुण्य फल प्राप्त गर्दछ । अर्थात् अविनाशी हुन्छ भनिएको छ ।'

जसले निर्जला एकादशीको व्रत गर्छ उसलाई सबै धर्मको पूर्ति यसैले गर्दछ । जसले निर्जलाको व्रत गर्छ उसले आफ्ना कुलका सदा पाप गरिरहेका पापी १०१ पितृहरूलाई आफ्नै

आसन लगाई सयन गर्नुभएको हरिशयनी एकादशीका दिनबाट आज चार महिना पूरा भयो । अर्थात् विष्णु भगवान्को चतुर्मास शयनपछि समाप्त भई सो दिन बिउँझने दिन हो । यस एकादशीका दिन चार महिनादेखि तुलसीको मठमा राखेर हुर्काइएको तुलसीको विवाह गरिदिने राधा दामोदर (कार्तिकमा लक्ष्मी र विष्णुको नाम)को पूजा गरी व्रत र उपासना गर्ने गरिन्छ । व्रति व्यक्तिका लागि आफ्नो वर्ण र आश्रम अनुसारको आचार पालन मनको शुद्धता, अलुब्ध भाव, क्षमाशील स्वभाव, त्याग, इन्द्रिय निग्रहका साथै देव पूजा र हवन जस्ता कुरा पनि व्रतको अङ्गको रूपमा आवश्यक मानिएका छन् ।

एकादशी व्रतमा खाने नखाने विधान

एकादशी व्रतमा अन्न नखाने विधान शास्त्रकारहरूले गरेका छन् । त्यस दिन सम्पूर्ण पाप गएर अन्नमा बस्ने हुनाले त्यस दिन अन्न खायो भने पाप खाए सरह हुन्छ भनिएको छ ।

सत्यं सर्वाणी पापानि ब्रह्माहत्या दिकानि च
सन्ते बौद्ध नमाश्रित्य श्रीकृष्ण व्रत वासरे ।

अतएवः यस दिन सकभर अन्न नखाने र त्यो नसके चामलको भात चाहिँ नखाने विधानमा छ । गाउँमा जौको पिठो, फल र दुध क्रमिक रूपमा उत्पन्न मानिन्छ । वस्तुगत गुणअनुसार यस्तो विधान भएको हुनुपर्दछ । नेपाली संस्कृतिका सन्दर्भमा आधुनिक अर्थात् स्वास्थ्यका लागि उपवास बस्नु राम्रो भन्ने विज्ञान सम्मत विचारधारा व्यवहारमा व्यक्त छ । व्रत उपासनाले शरीरका वाचिक, कायिक शुद्धता दुरगामी निर्णय, आचरणमा शुद्धता आदि गुणको विकासमा सहयोग पुग्छ भने शरीर मलरहित परिस्कृत हुन्छ ।

प्रचलित हिन्दु धार्मिक मतहरूमा व्रत उपासनाका आआफ्ना नियम विधानहरू छन् । ती विधान व्रत उपासनामा रहने प्रयोजन सामाजिक प्रचलन मूल्य मान्यता प्रभाव आदिसित सम्बन्धित भएर प्रचलनमा आएका छन् तिनको इतिहास पनि लामो छ ।

भगवान्का सत्यताको प्रमाण

भगवान् स्वयं सिद्ध सत्य हो । यसको लागि कुनै प्रमाणको आवश्यकता पर्दैन । जस्तो सूर्य जब आकाशमा उद्धित हुन लाग्दछ, चारैतिर प्रकाश फैलन्छ । हामीले सूर्यलाई नदेखे पनि सूर्य अब उदित हुन्छ भन्ने सत्यलाई आत्मसाथ गर्दछौँ । जब सूर्य पूर्व दिशाबाट उदित हुन्छ सूर्य के हो भनेर प्रश्न गर्दैनौँ । सूर्य नै सूर्यको सत्यताको प्रमाण हो । भगवान् पनि सूर्यको अस्तित्व झैँ स्वयं सिद्ध अस्तित्व हो । जुन बेला हाम्रो अन्तरमनको जागृति हुन्छ । भगवान्को सर्वव्यापी सत्ताको अनुभूति हुन्छ । त्यसबेला आँखाभरि आँसुले हामी भगवान्को स्वागत गर्दछौं । अतः भगवान्को खोजको आरम्भ नै हो भगवान्को स्वयं सिद्धता हो । यही स्वयंसिद्धताले मन र हृदयमा श्रद्धा विश्वास र सतत जिज्ञासालाई जन्म दिन्छ । शास्त्रहरूमा स्वानुभूति अथवा प्रभु प्राप्तिको लागि यज्ञ, व्रत आदि साधन हो भनी उल्लेख गरिएको छ । जसले ईश्वरीय वचन वेदशास्त्र धर्म संस्कृति र परम्पराका असल कार्यहरूमा श्रद्धा राख्दछ । तिनीहरूले आचार विचार र उपासना उपवास व्रत, तीर्थ, यज्ञद्वारा यही लौकिक र पारलौकिक अभ्युदय र निश्रेयस हुने कुरामा विश्वास गर्दछ ।

निर्णयसिन्धु, धर्मसिन्धुको आधारबाट शास्त्रको निर्देश अनुसार गरिने कार्यमा तर्कको कुनै ठाउँ रहँदैन । एकादशी तिथिको एघारौँ इन्द्रिय मनसँग सम्बन्ध छ र मनको चन्द्रमासँग सम्बन्ध छ । चन्द्रमा चञ्चलता सौन्दर्य र भोगको प्रतीक हुन् । चन्द्रमा मनसो जातह ....भन्ने श्रुति वाक्य अनुसार चन्द्रमा र मनको घनिष्ठ सम्बन्ध छ । त्यसैले मनलाई उत्तेजित बनाउने कार्यमा चन्द्रमाको भूमिका रहेको हुन्छ । एकादशी व्रत आफैमा पनि विज्ञानसम्मत छ । त्यसैले एकादशी तिथिमा एघारौँ इन्द्रियको चञ्चलता हटाउन युक्तिपूर्वक विविध निषेध गरिएका पदार्थहरूको सेवन नगरिकन नियमित रूपमा व्रत एवं उपासना गर्नुले मानिसहरूको उपकार हुन्छ भन्ने कुरामा दुविधा छैन । शुद्ध मन र हृदयबाट गरिने ध्यान जप पूजा भजन तथा कीर्तनले भगवान्लाई अवश्य पनि खुसी बनाउँछ, यो भक्तिको अकाट्य मापदण्ड हो ।❖-बत्तीसपुतली, काठमाडौँ

सन्दर्भ सामग्रीहरू

१. वैदिक संस्कार र हाम्रा चाडपर्वहरू- गोविन्द सुवेदी
२. पद्मपुराण
३. हिन्दू जीवन पद्धति- दिनबन्धु अर्याल
४. श्रीमद्भागवत महापुराण
५. वार्षिक व्रत रत्नावली (व्रतराज)- पण्डित एकदेव उपाध्याय
६. हिन्दू धर्मको उत्पत्ति र विस्तार- भीमलाल लामिछाने
७. निर्णय सिन्धु ।

पराशक्ति काली : तात्त्विक स्वरूप चिन्तन

सहप्रा. डा. माधवप्रसाद लामिछाने

विषयप्रवेश

परब्रह्मस्थानीय उपास्यका रूपमा देवी या पराशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ । मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन मानिन्छ । परिवार तथा समाजको आविर्भाव एवं प्रारम्भिक गठनमा आमाको रूपमा नारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले विश्वका विभिन्न भागमा मातृसत्तात्मक संस्थाहरू बने र त्यसको फलस्वरूप देवीपूजाको प्रचलन प्रारम्भ भयो भन्ने समाजशास्त्री तथा पुरातत्त्वविद्हरूको मत रहेको छ । जेम्स जे. प्रिस्टन (ई.सं. १९८६) को मतमा देवीपूजाको प्रमाण तीस हजार वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ (पृ. ६)। मध्य तथा पूर्वी यूरोपमा हात्तीका दाँत तथा हाडबाट बनेका नारी आकृतिका अवशेषहरू पाइएका छन् । करिब बीस हजार वर्षभन्दा पुराना पूर्वपाषाणकालिक ती अवशेषहरूले तात्कालिक समयमै देवीपूजाको प्रचलन रहेको प्रमाण दिइरहेका छन् । इरान, इराक, भूमध्यसागरीय क्षेत्र, पश्चिमएसिया र मोहनजोदडो एवं हडप्पासभ्यताबाट प्राप्त नारीचित्र, मूर्ति र अवशेषबाट पनि शक्तिको उपासनापरम्परा ज्यादै प्राचीन रहेको देखिन्छ ।

वैदिक साहित्यमा शक्तितत्त्वको चर्चा

सर्वप्राचीन लिखित साहित्यका रूपमा ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ । ऋग्वेदका ऋचाहरूमा वर्णित देवीहरू कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ । त्यसै क्रममा ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ । यिनी उत्तम बुद्धिले युक्त विद्वान् व्यक्तिहरूलाई ज्ञान प्रदान गर्दै तिनको यज्ञ, श्रेष्ठ कर्म र देवताको उपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेद, १।२।३।१०–१२) ।

त्यसैगरी ऋग्वेदकै दशम मण्डलमा सरस्वतीको वर्णनको प्रसङ्गमा ज्ञानको प्रकाश दिने परम सुखदाता प्रभुको प्रार्थना गर्दै मानिसहरू सरस्वतीलाई असीमित ज्ञानले सम्पन्न शक्तिका रूपमा स्विकार्दछन् भनिएको छ (ऋग्वेद, १०।६१) । अथर्ववेदमा लोकहितकारी कार्य गर्दा शत्रुहरूको घातप्रतिघातद्वारा मनमा क्षोभ उत्पन्न हुने स्थितिमा आफ्नो ज्ञानमय एवं स्नेहमय लेपनद्वारा उक्त क्षोभरूपी घाउ निको पार्न देवी सरस्वतीसँग प्रार्थना गरिएको छ (अथर्ववेद, ७।५७।१) । त्यसैगरी उषालाई ऋग्वेदमा समस्त विद्याले परिपूर्ण, दुःखदायी अज्ञानदेखि भिन्न, विविध प्रकारका ज्ञानलाई प्रकाशित गर्ने, पापलाई डढाउने एवं मनुष्यमात्रका लागि ज्ञानमार्गको प्रदर्शक देवीका रूपमा वर्णन गरिएको पाइन्छ । अदितिलाई ऋग्वेदमा समस्त प्राणी एवं जगत्रूपी प्रपञ्चकी जननी तथा संहारकर्त्रीका रूपमा वर्णन गरिएको छ । त्यसैगरी ऋग्वेदमा रात्रि, पृथिवी, इला, भारती, मही आदि देवीहरूको पनि चर्चा पाइन्छ ।

ब्राह्मण एवं आरण्यकग्रन्थहरूमा ब्रह्मको शक्तिका रूपमा गायत्री एवं सावित्रीको वर्णन पाइन्छ । तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ, जहाँ दुःस्वप्ननाशिनी दुर्गादेवीसँग आफ्ना सम्पूर्ण पापहरूको हरण गर्न प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।१) । त्यसैगरी ब्राह्मणग्रन्थहरूमा कुहु, राका, सिनीवाली आदि रात्रिदेवीहरूको पनि उल्लेख पाइन्छ । शतपथब्राह्मणमा देवीसरस्वतीलाई पशुबलि दिने वर्णन पाइन्छ (शतपथब्राह्मण, ३।९।१७) ।

उपनिषद्हरूमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण जगत्रूपी प्रपञ्चको कारण मानिएको छ । एउटै ब्रह्म विभिन्न शक्तिको योगले विभिन्न रूपमा आभासित हुन्छ । उसका विभिन्न शक्तिहरूमध्ये इच्छा, ज्ञान र क्रियारूप शक्ति प्रमुख मानिन्छन् । छान्दोग्योपनिषद्, ऐतरेयोपनिषद्, केनोपनिषद्, कठोपनिषद्, बहवृचोपनिषद्, मैत्रेय्युपनिषद्, बृहज्ज्वालोपनिषद् आदि उपनिषद्हरुमा शक्तिका विविध रूप र महिमाको वर्णन एवं स्तुति गरिएका प्रसङ्गहरू पाइन्छन् । यसका अतिरिक्त त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद् आदि शक्तिउपासनापरक उपनिषद्हरू छन् जसमा शक्तिका विविध रूप, तिनको महिमा र उपासनाको विशद वर्णन पाइन्छ । महाभारतयुगसम्म आइपुग्दा शक्तिउपासनाले स्वतन्त्र रूप लिइसकेको देखिन्छ । यस युगसम्म आइपुग्दा शक्तिलाई उमा, काली, विजया, कात्यायनी, चण्डी, दुर्गा, ललिता आदि देवीका रूपमा साकार उपासनाको परम्परा विकसित भइसकेको देखिन्छ । यसै पृष्ठभूमिमा विकसित भएको देवीउपासनाको परम्परालाई तन्त्र वा आगमशास्त्रले दार्शनिक र कर्मकाण्डीय आधार प्रदान गरेको देखिन्छ । पराशक्ति कालीको तात्त्विक स्वरूपको विषय पनि महत्त्वपूर्ण रहेको छ ।

काली शब्दको अर्थ र व्युत्पत्ति

काली शब्दको निष्पत्ति कल धातुबाट भएको छ । कल धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन्- १.क्षेप(फ्याँक्नु वा बाहिर निकाल्नु) २.गत(जान्नु) ३.सङ्ख्यान (पृथक्‌रूपले गणना गर्नु वा नियमन गर्नु) ४.गत(पुग्नु) ५.शब्द (नादरूपमा परामर्श गर्नु) ।

फ्याँक्नु वा बाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति अनुसार- कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरूपं विश्वं बहिर्भावेनोल्लासयतीति परा संविद्देव काली इत्युच्यते (स्वामी लक्ष्मणजू : २०१० : ९) अर्थात् आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ ।

जान्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति अनुसार- कलयति स्वात्मबहिर्भावेनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैवामृशतीति परैव संविद्देवी काली इत्युच्यते (पूर्ववत्)अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैँ बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ ।

पृथक्‌रूपले गणना गर्नु वा भिन्नभिन्नरूपले नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनात् अयं घटः, न पटः इति प्रतिनियतरूपतया अवस्थापयति इति परैव चिल्लहरी संवित् काली इत्युच्यते (पूर्ववत् : १०) अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैँ बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति) का माध्यमबाट यो घैँटो हो, कपडा होइन, यो नीलो हो, पहैँलो होइन इत्यादि भिन्नभिन्नरूपले व्यवस्थित गर्ने संवित् शक्तिलाई काली भनिन्छ ।

पुग्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति

यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमकुरे स्वात्मन्यव्यतिरिक्तत्वेपि अव्यतिरेकेणैव स्वरूपारोहितत्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते **(पूर्ववत्) अर्थात् आफ्नो चैतन्यस्वरूपदेखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिबिम्बित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै चैतन्यस्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली वा कालसङ्कर्षिणी भनिन्छ । तन्त्रालोकमा भनिएको छ–**

इति पञ्चविधमेनां कलनां कुर्वती परा।
देवी काली तथा कालकर्षिणी चेति कथ्यते ॥

(तन्त्रालोक, ४ आह्निक, १७६ श्लोक)

नादरूप परामर्शको अर्थमा प्रयोग हुने काली शब्दको व्युत्पत्तिअनुसार– कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि—स्थिति—संहार—पिधानानुग्रहात्मकपञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परैव संवित् काली इत्युच्यते (पूर्ववत् : ११) **अर्थात् निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै बोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने परासंवित्लाई काली भनिन्छ ।**

कालीतत्वको वैशिष्ट्य

कालीको स्वरूपमा शक्तितत्त्वको पूर्ण अभिव्यक्ति पाइन्छ । कालीको स्वरूपमा निहित सृष्टि र संहारको रहस्यलाई शब्दद्वारा पूर्णरूपले अभिव्यक्त गर्न सकिँदैन त्यसैले कालीलाई शब्दातीत मानिन्छ । काली नै विश्वकी जननी एवं भुक्ति तथा मुक्ति प्रदान गर्ने शक्ति हुन् ।

कालीतत्त्वलाई बुझ्नका लागि सर्वप्रथम कालतत्त्वलाई बुझ्नुपर्दछ । सम्पूर्ण चराचर जगत्लाई कलन वा ग्रास गर्ने तत्त्वलाई काल भनिन्छ । सोही काल, कालकाल वा महाकाल नामक तत्त्वबाट नै सम्पूर्ण जगत्को उत्पत्ति हुन्छ र पुनः ती समस्त तत्त्वहरू कालकै गर्भमा विलीन हुन्छन् । त्यसैले भनिएको छ– कालः पचति भूतानि कालः संहरति प्रजा **अर्थात् कालले नै समस्त पञ्चमहाभूतात्मक जगत्लाई पचाउँछ र त्यसले नै जीवहरूको संहार गर्दछ । भैरवरूपी कालले नै ब्रह्मादेखि कीटपर्यन्त सम्पूर्ण जगत्को रचना गर्दछ । सोही महाकालको अभिन्न स्वातन्त्र्यशक्तिलाई नै महाकाली भनिन्छ । सृष्टिपूर्वको संहारदशामा महाकालीको नै साम्राज्य रहन्छ । त्यसैले महानिर्वाणतन्त्रमा भनिएको छ–**

सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम्।
त्वत्तो जातं जगत् सर्वं परब्रह्मसिसृक्षया॥ (महानिर्वाणतन्त्र,४।२५)

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ । परब्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीबाट नै जन्मिएको हो । अन्यत्र पनि भनिएको छ– तमो वा इदमेकमास..(मैत्रायण्युपनिषद्, ४।५) **अर्थात् यो तमस् वा अन्धकार नै पहिले(सृष्टिपूर्व) थियो । सोही तमस् वा प्रलयकालको अनिर्वचनीय स्वरूप नै तन्त्रशास्त्रमा वर्णित आद्याशक्ति काली वा महाकाली हुन् । महाशक्ति काली परब्रह्मस्वरूप महाकालको स्फुरत्ता हो ।**

कालीतत्त्व नै समस्त प्रकाश वा ज्योतिको उद्गमस्रोत हो । तमस् वा अन्धकाररूप काली कसरी प्रकाशको स्रोत हुन सक्छ भनेर आश्चर्य लाग्न सक्छ । वास्तवमा प्रलयकालमा अन्धकारले प्रकाशलाई पनि आफूमा लीन गराएको हुन्छ । सम्पूर्ण विश्वब्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ । आधुनिक विज्ञानले पनि यसैका आधारमा ब्ल्याक होल (कृष्ण विवर)को कल्पना गर्दै प्रलयकालमा सम्पूर्ण ब्रह्माण्ड सोही ब्ल्याक होलमा विसर्जन हुने कुरा बताएको छ । सृष्टिदशामा आद्याशक्ति कालीले आफूभित्र रहेको जगत्लाई वामाशक्तिका रूपमा पुनः बाहिर वमन गर्दछिन् अतः स्वाभाविक रूपले प्रकाश पनि सोही तमस्बाटै उद्भूत हुन्छ । तिनै महाकालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका, कालसङ्कर्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ । तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन् । सृष्टि, स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दश महाविद्याको क्रम दश महाविद्यापरम्परामा स्वीकार गरिएको छ । ती दश महाविद्या हुन्– काली, तारा, षोडशी,

भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला । शक्तिसङ्गमतन्त्रका अनुसार विरूपाक्षमतमा दश महाविद्यामा चण्डेश्वरी, लघुश्यामा र त्रिपुरालाई जोड्दा तेह्र महाविद्या र भैरवमतमा दश महाविद्यामा वनदुर्गा, शूलिनी, अश्वारूढा, त्रैलोक्यविजया, वाराही र अन्नपूर्णा जोड्दा सोह्र महाविद्या मानिन्छ । त्यसैगरी क्रमदर्शनमा एउटै महाकाली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेय दशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखापर्ने कुराको उल्लेख पाइन्छ । सोही दर्शनमा ती द्वादशकालीको समष्टिस्वरूप त्रयोदशकालीको चिन्तन पनि फेला पर्दछ ।

कालीतत्वका विविध स्वरुप

महाकालीका अनेक रूपहरूको चर्चा तन्त्रशास्त्रमा पाइन्छ । महाकालसंहितामा महाकालीका नौवटा रूपको उल्लेख गरिएको छ । ती हुन्- आद्याकाली, दक्षिणकाली, भद्रकाली, श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डकाली । तोडलतन्त्रमा कालीका आठवटा भेद देखाउँदै भनिएको छ–

दक्षिणाकालिका सिद्धिकालिका गुहयकालिका ।
श्रीकालिका भद्रकाली चामुण्डाकालिका परा ॥
श्मशानकालिका देवि महाकालीति चाष्टधा ।

(तोडलतन्त्र, ३ पटल, १९२ श्लोक)

अर्थात् दक्षिणकाली, सिद्धिकाली, गुह्यकाली, श्रीकाली, भद्रकाली, चामुण्डाकाली, श्मशानकाली र महाकाली गरी कालीका आठ भेद छन् । वास्तवमा एउटै महाशक्ति साधकहरूको कार्यसिद्धिका लागि विविध रूपमा अवतीर्ण हुन्छिन् । साधकहरूको भावना र अधिकारभेदका कारण महाशक्ति कालीका विविध रूपको कल्पना शास्त्रमा गरिए तापनि ती सम्पूर्ण रूपहरू वास्तवमा एउटै संवित्शक्तिका अनन्त विस्तार मात्र हुन्, तिनमा भेद देख्नु अज्ञानता सिबाय केही होइन ।

उपसंहार

परम शिवको स्वातन्त्र्यशक्तिलाई नै चितिशक्ति, संवित्, कालसङ्कर्षिणी काली आदि नामले सम्बोधन गरिन्छ । सोही चितिशक्तिलाई आगमशास्त्रहरूमा महाप्रतिभाशालिनी भासा नामले निर्देश गरिएको छ । विश्वसिद्धिको कारणस्वरूप स्वातन्त्र्यशक्ति नै सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पञ्चकृत्यका रूपमा निरन्तर प्रकट भइरहेको छ । सृष्टि, स्थिति, संहार, अनाख्या र भासा नामक पाँच चक्रलाई 'पञ्चवाह महाक्रम' भनिन्छ । सृष्टिदेखि अनाख्यासम्म चार चक्रको पूजालाई क्रमपूजा भनिन्छ भने पाँचौँ भासाचक्रको पूजालाई अक्रम–क्रमपूजा भनिन्छ । भासा वा परम स्वतन्त्र संवित् शक्तिमा नै सबैको पर्यवसान हुने भएकाले त्यो चितिशक्ति अखण्ड अद्वैतस्वरूप हो त्यसैले त्यो क्रमोत्तीर्ण छ तर सम्पूर्ण क्रमको जननी र सबै क्रममा अनुस्यूत भएर रहने भएकाले त्यो परम स्वातन्त्र्यशक्ति वा भासा क्रम पनि हो । सोही अक्रम एवं क्रमस्वरूप चिति, संवित् वा कालसङ्कर्षिणी कालीलाई सर्वत्र सदासर्वदा अविचल रूपले अनुभव गर्नु नै स्वात्मविमर्श वा जीवन्मुक्ति हो र त्यही नै कालीउपासनाको परम आदर्श पनि हो ।❖

–वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौँ

सन्दर्भग्रन्थसूची

एवेलोन, अर्थर (सम्पादक), (ई.सं. १९८९), महानिर्वाणतन्त्र, दिल्ली : मोतीलाल बनारसीदास ।

गुप्त, अभिनव (ई.सं.२००२), तन्त्रालोक (विवेकव्याख्यासहित), राधेश्यामचतुर्वेदी (सम्पादक), वाराणसी : चौखम्बा विद्याभवन ।

गौड, रामस्वरूप (सं.), (ई.सं.१९९०), अथर्ववेद(सायणभाष्यसहित), वाराणसी : चौखम्बा विद्याभवन ।

पणशीकर, वासुदेव(सं.)(ई.सं १९९०), ईशाद्यष्टोत्तरशतोपनिषदः, वाराणसी : चौखम्बा विद्याभवन ।

प्रिस्टन, जे. (ई.सं. १९८०), कल्ट अफ द गडेस, न्यू दिल्ली : विकास पब्लिसिङ हाउस ।

बोडास, राजराम तथा गोरै, शिवराम (सम्पादक), (ई.सं. १९४५), ऋग्वेद (सायणभाष्यसहित), बम्बई : बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड ।

भट्ट, गिरिधारी (व्याख्याकार)(वि.सं. २०६९) तोडलतन्त्र, काठमाडौँ : सूरजशमशेर ज.ब.रा. ।

शतपथब्राह्मण(सायणभाष्यसहित), ई.सं.२००२ (द्वितीय संस्करण), दिल्ली : नाग पब्लिशर्स ।

शास्त्री, महादेव(सं.) (ई.सं.१९८५), तैत्तिरीयारण्यक, दिल्ली : मोतीलाल बनारसीदास ।

स्वामी लक्ष्मणजू (ई.सं. २०१०), श्रीक्रमनयप्रदीपिका, काश्मीर : ईश्वर आश्रम ट्रस्ट ।

पूर्वमीमांसा तथा तन्त्रविभाग, नेपाल संस्कृत विश्वविद्यालय ।

'आरती भोग परिवारको सेवाप्रति शुभकामना

वेवव्यासले अठार पुराण लेखिसकेपछि ती पुराणको सार एउटै श्लोकमा लेख्नुभएछ– 'अष्टादश पुराणेषु व्यासस्य वचनमं द्वयम्, परोपकाय पुण्याय पापाय परपीडनम् ।' अरूको उपकार गर्नुभन्दा पुण्य र अरूलाई दुःख दिनुभन्दा पाप कर्म अन्य कुनै छैन । भोको व्यक्तिलाई अन्न दान गर्नु, उसको पेट भर्नु भनेको उसको प्राण बचाउनु जस्तै हो । त्यसैले त्योभन्दा उपकार के हुनसक्छ । आरति भोग परिवारले गत २०८१ साल मङ्सिर ३० गते धान्यपूर्णिमादेखि शहीद गङ्गालाल अस्पतालमा उपचाररत विरामी र तिनीहरूका कुरूवालाई समेत लक्षित गरी अविच्छिन्नरूपमा बेलुकीको खानाको वितरण गर्दैआएको छ । अन्नदान उत्कृष्ट मानव सेवा हो । मानव सेवालाई माधव सेवाभन्दा माथिल्लो सेवा मानिएको छ । आरति भोग परिवारको यस पुनित कार्यमा धेरै सहयोगी हातहरू जोडिएका छन् । शुरूवाती समयदेखि गौरी मासिकले पनि यस सेवा कार्यलाई आफ्ना प्रकाशनमार्फत समाजमा पुऱ्याउने सुअवसर पाएको छ ।

हार्दिक शुभकामना

-चन्द्र भण्डारी

नेपालको पत्रकारिता जगत्मा सत्य, निष्पक्षता र सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्दै निरन्तर अघि बढिरहेको 'गौरी पत्रिका' प्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । समाजका आवाजलाई मुखरित गर्दै, सकारात्मक परिवर्तनका लागि चेतना फैलाउने कार्यमा सञ्चार माध्यमको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । विशेषगरी डिजिटल युगमा ई-पेपरले सूचना पहुँचलाई अझ व्यापक, सहज र प्रभावकारी बनाएको वर्तमान परिवेशमा पनि छापा माध्यमको भूमिका कम आँकलन गर्नुहुँदैन ।

आजको समाजमा समाचार केवल जानकारी दिने माध्यम मात्र होइन, राष्ट्र निर्माणको आधार पनि हो । सही समाचारले नागरिकलाई सचेत बनाउँछ, जिम्मेवार बनाउँछ र देशप्रति उत्तरदायित्व बोध गराउँछ । त्यसैले पत्रकारिता सत्य, संवेदनशीलता र जनहितप्रति समर्पित हुन आवश्यक छ । गौरी पत्रिकाले यिनै मूल्यलाई आत्मसात गर्दै समाजमा सकारात्मक सन्देश प्रवाह गरिरहेको अनुभूति मैले गरेको छु ।

यसै सन्दर्भमा 'आरती भोग' जस्तो मानवीय सेवामूलक अभियानको चर्चा गर्न चाहन्छु । अस्पतालमा उपचाररत बिरामीका आफन्त तथा आर्थिक अभावमा रहेका नागरिकलाई निःशुल्क भोजन सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको 'आरती भोग' केवल खाना वितरण कार्यक्रम मात्र होइन, मानवता र सहकार्यको प्रतीक हो । बिरामीको पीडा केवल स्वास्थ्यसँग सीमित हुँदैन; उनीहरूसँग रहेका परिवारजनले आर्थिक, मानसिक र सामाजिक अनेक कठिनाइ भोगिरहेका हुन्छन् । यस्तो अवस्थामा एक छाक निःशुल्क भोजनले उनीहरूलाई राहत मात्र होइन, आत्मीयता र आशाको अनुभूति पनि गराउँछ ।

हाम्रो समाजमा सेवा, सहयोग र करूणाको संस्कार बलियो बनाउन यस्ता अभियानहरू अत्यन्त आवश्यक छन् । 'आरती भोग' को मूल उद्देश्य नै यही हो कोही पनि अस्पताल परिसरमा भोकै नबसून्, दुःखको घडीमा समाज साथमा छ भन्ने अनुभूति सबैले गर्न सकून् । समाज परिवर्तन केवल सरकारबाट मात्र सम्भव हुँदैन; नागरिक, सामाजिक संस्था, सञ्चार माध्यम र नेतृत्व सबैको सहकार्य आवश्यक हुन्छ ।

नेपाल सम्भावनाले भरिएको देश हो । प्राकृतिक स्रोत, सांस्कृतिक विविधता, पर्यटन, जलस्रोत, कृषि र युवाशक्ति हाम्रो सबैभन्दा ठूलो सम्पत्ति हुन् । अझ महत्वपूर्ण कुरा, नेपाली जनताको मेहनत, इमानदारी र संघर्षशीलता विश्वभर परिचित छ । संसारका जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो क्षमता र परिश्रमबाट पहिचान बनाएका छन् । अब आवश्यकता भनेको यही क्षमता र सम्भावनालाई देशभित्रै अवसरमा रूपान्तरण गर्ने हो । युवालाई उत्पादन, नवप्रवर्तन र उद्यमशीलतामा जोड्न सके नेपाल आर्थिक र सामाजिक रूपमा धेरै अगाडि बढ्न सक्छ । सकारात्मक सोच, पारदर्शी नेतृत्व र जिम्मेवार नागरिक चेतनाले मात्र समृद्ध नेपाल निर्माण सम्भव छ ।❖

जय नेपाल !

आरती भोग परिवार : सेवा, सद्भाव र निःस्वार्थ मानवताको अभियान

आजको व्यस्त र स्वार्थकेन्द्रित समाजमा पनि मानवताको भावना जीवित छ भन्ने उदाहरण बनेको छ 'आरती भोग परिवार' । आर्थिक अवस्था कमजोर भएका, बिरामी र बिरामीका कुरूवाहरू दैनिक भोजन जुटाउन कठिनाइ भोगिरहेका व्यक्तिहरूलाई निःशुल्क भोजन उपलब्ध गराउने, यस संस्थाले सेवा नै धर्म हो भन्ने सन्देश फैलाइरहेको छ ।

यस अवसरमा सर्वप्रथम, समाजका सकारात्मक कार्यहरूलाई प्राथमिकताका साथ उजागर गर्दैआएको गौरी मासिक पत्रिका परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सञ्चारमाध्यमले यस्ता सामाजिक सेवामूलक कार्यलाई स्थान दिँदा समाजमा सकारात्मक ऊर्जा फैलिने मात्र होइन, अन्य व्यक्तिहरू पनि सेवामा प्रेरित हुने वातावरण सिर्जना हुन्छ ।

आरती भोग परिवारको मुख्य उद्देश्य भनेको 'कोही पनि भोकै नबसून्' भन्ने भावना हो । भोजन केवल पेट भर्ने माध्यम मात्र होइन, यो मानवीय सम्मान र आत्मीयताको प्रतीक पनि हो । जब कसैले भोकै रहेको अवस्थामा एक छाक भोजन प्राप्त गर्छ, उसले केवल खाना मात्र होइन, समाजप्रतिको आशा र आत्मीयता पनि अनुभव गर्छ । यही भावनालाई आत्मसात गर्दै आरती भोग परिवारले निरन्तर सेवा गर्दैआएको छ ।

समाज परिवर्तनका लागि केवल सरकार वा ठूला संस्थाको मात्र भूमिका पर्याप्त हुँदैन । प्रत्येक नागरिकमा सेवा, सहकार्य र सहयोगको भावना आवश्यक हुन्छ। समाचार र सञ्चारमाध्यमले यस्ता कार्यलाई जनसमक्ष ल्याउँदा समाजमा चेतना, सकारात्मक सोच र सहकार्यको संस्कार विकास गर्न ठूलो योगदान पुग्छ ।

अन्त्यमा, मानव सेवा नै सबैभन्दा ठूलो धर्म हो भन्ने विश्वासका साथ आगामी दिनमा पनि आरती भोग परिवारले आफ्नो अभियानलाई अझ प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु । यस पुण्य कार्यमा साथ, सहयोग र प्रेरणा प्रदान गर्ने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

जय होस् सबैको ! जय आरती भोग परिवार !!❖

–मोहन कुमार ढुंगेल, संस्थापक महासचिव

आरती भोग सेवामा साथ र सहयोग गर्न चाहनुहुन्छ भने

❖ आफ्नो या परिवारका सदस्यहरुको जन्म दिनमा अथवा पितृहरूको पुण्य तिथिमा भोजन सेवा,
❖ आरती भोग परिवारको आजीवन सदस्यता ग्रहण गरेर (आजीवन आफ्नो जन्म दिनमा उपस्थित भएर अन्नदान सेवा)
❖ आरती भोग परिवारको अक्षयकोष सेवा प्रदान गरेर । (अक्षय कोषदाता व्यक्तिले आफ्नो परिवारका सदस्यहरुको जन्म दिनमा स्वयं उपस्थित भई अन्नदान सेवा गर्न सक्नुहुने छ ।)

आरती भोग परिवार
का.म.पा.१० बानेश्वर, काठमाडौं
सेवाका लागिः ९८५११२५८६२, ९८५११३०८७४,९८४१३३१५३०
पुनश्चः हामी नगदलाई भन्दा जिन्सी सामानको सहयोगलाई प्राथमिकता दिन हार्दिक आग्रह गर्दछौं ।

वैदिक सनातन पद्धतिलाई उपहास गर्नेहरूप्रति

- प.. टेकप्रसाद अधिकारी

"धर्मो विश्वस्य जगतः प्रतिष्ठाः" संसारमा विभिन्न धर्महरू छन् । सबैका आआफ्नै किसिमका धर्मग्रन्थहरू रहेका छन् । वेद र पुराणलाई मूल धर्म ग्रन्थ मान्ने हामी हिन्दु सनातन धर्मावलम्बीहरूले अरूका धर्मग्रन्थमाथि चियोचर्चो र टिप्पणी गर्नेतर्फ लाग्नुभन्दा "धर्म नै संसारलाई अड्याउने एकमात्र आधार हो" भन्ने आशयको माथि उल्लेखित सनातन परम्पराको महावाक्यलाई शिरोपर गर्दै आफूले अवलम्बन गरेको धर्म किन वा के कारणले गौरवपूर्ण एवं दूरगामी महत्त्वको रहेछ भन्ने विषयमा आजका नयाँ पुस्तालाई जानकारी दिनु आवश्यक छ ।

हामी वैदिक सनातन धर्ममा विश्वास गर्ने हिन्दुहरूले ढुंगालाई पनि भगवान्को प्रतीक मानेर पुजा गरेको देख्दा, गाई गोरू, काग कुकुर, गरूण, सर्प, मुसाजस्ता अनेकौ जीवलाई पनि पूजा गर्दै तिनको संरक्षण गर्नुपर्ने सन्देश दिएको देख्दा अनि नदी पोखरी, वनस्पति र माटोलाई पनि धुप वत्ती र फूल अक्षता चढाउँदै मन्त्रोच्चारणसहित पुजन र संरक्षण गरेको देख्दा, साना नानीहरूलाई देवी र कुमारी भन्दै पूजा गरी पाउमा ढोगेको देख्दा, देवीका पीठहरूमा पुगेर मातृशक्ति अर्थात् नारीशक्तिको आराधना गर्दै महिला वर्गलाई मार्यादा गर्नुपर्छ भन्ने सन्देश समाजलाई दिनेगरेको देख्दा अनि हामीले एकाग्र भई योग ध्यान र पूजापाठमै प्रशस्त समय खर्चेको देख्दा नास्तिक मति भएकाहरू हामीलाई होच्याउने र उपहास गर्नेगर्छन् । नष्ट पार्नुपर्ने अवस्थामा पुगिसकेका पुराना र थोत्रा धर्म ग्रन्थहरूलाई अझै काँध हाल्दै समाज विकासको गतिलाई नै पछाडि धकेल्ने काम गरेको आरोप लगाउने गर्छन् ।

गौमूत्रलाई पनि अमृतसरह मान्ने, गोबरजस्तो विष्टालाई पनि पवित्र मान्दै घर र भान्सा लिप्ने, तुलसीजस्तो झारपातलाई पवित्र वस्तु भन्दै खाने र संरक्षण गर्ने, रूख र बनस्पतिलाई ढोग्ने, घरका भित्तामा नागको तस्वीर टाँसेर पूजा गर्दै सर्पजस्तो हिंसक जीवजन्तुलाई पनि संरक्षण गर्न सिकाउने, बाआमा र गुरूलाई भगवान्कै दर्जा दिंदै घोप्टो परेर ढोग्न लगाउने (साष्टांग दण्डवत गर्न सिकाउने), औसीको दिन हलो जोत्न हुँदैन भन्दै गोरूलाई खान मात्र दिएर ग्वालीमै आराम गर्न लगाउने, गाई दुहुदा एउटा सिंगै थुन बाछाको भाग भनी छाड्न लगाउने, निद्रा छोट्याउनुपर्छ भन्दै मिर्मिरे उजेलो पनि नहुँदै उठ्न लगाउने, धुमपान गर्नबाट रोक लगाउने, कीरा कमिला चराचुरूंगी अग्नि जस्ताको भाग छुट्याएर मात्र खानुपर्छ भन्ने, भौतिक रूपमा कहिले देख्दै नदेखिएको हावाजस्तो अदृश्य र काल्पनिक वस्तुलाई पनि वायु देवता भन्दै थरीथरीका श्लोक र स्तुतिगान गर्दै धूप वत्ती अक्षता बोकेर पूजा गर्न लगाउने अनि ध्यान र योगको नाममा समय वर्वाद गर्न लगाउने मूर्खहरूको समुदाय भनेर हामी सनातनीहरूलाई उनीहरू गिज्याउने गर्छन् ।

हाम्रो यस्तो धार्मिक चालचलनलाई हेरेर उपहास गर्नेहरूले गरिरहून्, गिज्याउनेले गिज्याइहून्, होच्याउनेले होच्याइरहून्, हामीलाई मूर्ख देख्नेले मुर्खै भनिरहून् र अफूलाई मात्र बुद्धिमान र उच्चकोटीको ठानिरहून् । हामीले त्यसको वास्ता गर्नुहुँदैन ।

हामी आफ्ना पुर्खा र धर्मशास्त्रले दर्शाएको मार्गबाट अलिकति पनि विचलित नभई हिँडिरहनुपर्छ, यस्ता कर्म निरन्तर गरिरहनुपर्छ । हामीले आफ्नो मूल्यवान समयलाई अन्य धर्मको निन्दा वा चर्चा गर्नेतर्फ लगाउनुको साटो आफूले अवलम्बन गरेको वैदिक सनातन धर्मका असल र गौरव गर्न लायक यस्ता विषयमै आफूलाई केन्द्रित गरिरहनुपर्छ । कालान्तरमा यसरी गिज्याउनेहरूलाई समयले आफै उत्तर दिदैजानेछ र कुनै दिन उनीहरू सबै हामी सनातनी हिन्दुहरूले हिँडेकै यही बाटो समाउन बाध्य हुनेछन् ।

संसारमा पर्यावरण संरक्षणको नाममा होस् वा ग्रह र तारामण्डलको अनुसन्धानका लागि होस्, पशु अधिकारको नाममा होस् वा गैडा र बाघ संरक्षणजस्ता विषयमा होस् आजको विश्वले हजारौ वर्ष अघिदेखि हिन्दुहरूको अर्थात् वैदिक सनातन धर्मावलम्बीको मूल ग्रन्थको रूपमा रहेको हाम्रो वेदशास्त्रले उल्लेख गरेको र पुराणहरूमा बताइएको मार्ग अवलम्बन गर्न थालिसकेको छ । धुमपान स्वास्थका लागि

हानिकारक भएको निश्कर्ष आधुनिक चिकित्सकहरूले नै निकालिसकेका र धुमपानविरूद्धको दिवस पनि विश्वस्तरमै मनाउन थालिसकिएको छ ।

गौमूत्रमा रहेको शक्ति र औषधितत्त्व बारे गहन अनुसन्धान प्रतिवेदनहरुले धेरै कुरा बताएका छन् । कहिले बाल अधिकारको नाममा त, कहिले महिलालाई सम्मान र मार्यादा पुगेन भनेर हामीले शक्तिपीठमार्फत गर्नेगरेको मातृशक्ति र कुमारी पूजनको महत्त्वलाई अहिलेको विश्वले स्वीकार गरेको छ । घरका पुर्खादेखि मावलीसम्मका बा-हजूरबाहरूको नाम संभ्कन लगाएर श्राद्धको नाममा वर्षैपिच्छे झन्झटपूर्ण काम सनातन संस्कृतिले गर्न लगायो भन्दै आफ्नै पूर्खालाई स्मरण गर्न झन्झट मान्नेहरू नै प्रसिद्ध व्यक्तिका ठूल्ठूला सालीकसम्म पुगेर ठूला तामझामका साथ स्मृति दिवस (हामीले श्राद्धमा पुर्खालाई स्मरण गरेजस्तै गरी) मनाउन थालिसकेका छन् ।

पृथ्वीलाई संरक्षण गरौं भन्ने दिव्य सन्देशका साथ संसारका सबै देशका प्रतिनिधिहरूको उपस्थितिमा महासम्मेलन गरेर माटो वनस्पति नदी र कुण्डहरूलाई जतन संरक्षण गर्नुपर्छ अनि वायुमण्डललाई स्वच्छ राख्नुपर्छ । पृथ्वीलाई कम भन्दा कम हानी नोक्सानी हुनेगरी खनिजको उपयोग गर्नुपर्छ भन्नेजस्ता हामी हिन्दु सनातनीहरूले "ॐ द्यौः शान्ति ....पृथ्वी शान्ति रापः शान्ति....." भन्दै हजारौ वर्षदेखि गर्नेगरेको यज्ञ वा अभ्यासलाई सम्मेलनको निश्कर्षपत्रमै उतार्ने काम पनि गरिसकिएको छ र सनातनीले प्रयोग गर्ने थोत्रा विषय भन्ने गरिएका यिनै वेदका ऋचाले दिएको दर्शनमा आधारित पाठ्यक्रम तयार पारेर संसारभरिका पाठशालाहरूमा पढाउन थालिसकिएको छ । हामी हिन्दु सनातनीले हजारौ वर्ष अघिदेखि ससाना कुटीमा बसेर गुरूकुलीय पद्धतिबाट ऋषी मुनीमार्फत प्रकृतिलाई पूजा गर्नुपर्ने र जीवको विनाश गर्न नहुनेजस्ता विषयमा बटुकहरूलाई दिनेगरिएको शिक्षा आजभोलि वातावरण संरक्षण भन्ने शीर्षक दिएर प्राथमिक तहदेखि नै नयाँ विषय र नयाँ चेतना भन्दै संसारैभरि पढाउन थालिएको छ ।

आजको विज्ञान पनि अन्धविश्वासी यजमान र पुरेत्याइँ गर्ने वाहुनलाई मात्र काम लाग्ने भनिएको त्यही थोत्रो पात्राको फेरो समाउदै चन्द्रग्रहण र सूर्यग्रहणको अनुसन्धानमा कम्मर कसेर लागिरहेकै देखिन्छ । हामी जडसूत्रवादी भनिने सनातनीले उल्लेख गर्नेगरेको ग्रहण लाग्ने, ग्रहण मध्य हुने र ग्रहणले छाड्ने समयको गणनामा एक पलको पनि अन्तर भएको पाइदैन । हामी पुरातनीहरूको पहिचानको रूपमा रहेको ध्यान र योगलाई हिजोआज योगा भन्ने नाममा मानसिक रोगबाट बच्ने उपायको रूपमा संसारले स्वीकार्दै विश्व योग दिवस पनि मनाउन थालिसकिएको छ । तिमी वाहुनहरूले पूजा गर्ने हावाको आकार र रङ कस्तो हुन्छ ? यस्तो भूठ कुरा पनि गर्ने हो भनेर हामीलाई गिज्याउनेहरू त्यही अदृश्य हावा र वायुमण्डल सफा एवम् स्वच्छ राख्नुपर्छ भन्दै वातावरण संरक्षणका प्रशिक्षक बनेर हिँड्न थालिसकेका छन् ।

रूख विरूवा, जनावर र ढुंगापूजा गरेर समय वर्वाद गर्ने, ध्यान र योगजस्तो अनुत्पादक अभ्यास सिकाउने, ग्रहण तारामण्डल र नवग्रहको नाममा मान्छेलाई भ्रमित पार्ने भनिएका हामी सनातनीहरुले अपनाइआएको पूर्वीय दर्शन र त्यसको आधारस्तम्भको रूपमा रहेका धर्मग्रन्थहरू पनि वैज्ञानिक र दुरदर्शी महत्त्वका रहेछन् भन्ने कुराको यो ज्वलन्त प्रमाण होइन र ?

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणी पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत् ॥❖

(स्वर्गीय टेकनाथ अधिकारीले २०६८ सालमै लेख्नुभएको यो लेख उहाँका छोरा गोकुल अधिकारीमार्फत प्राप्त भएको हो)

मननीय अभिव्यक्ति

- ❖ *मैले पर्खेको समयलाई होइन, म स्वयंलाई हो । त्यो म नै हुँ, आँखा चिम्लेर अभ्यास गर्दै गएपछि म हुनुको बोध भइहाल्छ ।*
- ❖ *बाहिरको कुरा पाउँदा आनन्द लाग्छ तर यो गएपछि फेरि दुःख लाग्छ, आफूभित्रबाट आएको आनन्द चीरस्थायी हुन्छ ।*
- ❖ *जीवन आफैं एक अनुपम पुरस्कार हो, यसलाई सजाउन छाडेर संसारको कुन पुरस्कारका लागि दौडनु ?*
- ❖ *सद्‌गुरू त्यो हो जसले तपाईंभित्रको सम्भावना र क्षमतासँग तपाईंलाई जोडिदिन्छ ।*
- ❖ *जीवनमा बाहिरका कुराले तपाईंलाई ठगेर जान सक्छ तर तपाईंभित्रको सम्भावना र क्षमताले कहिल्यै ठग्दैन ।*
- ❖ *आफ्नो जिम्मेवारी बोध गर्नु र त्यसलाई पूरा गरिछाड्नु जीवनको सुन्दर अवसर हो ।* (एल.पी. भानुको प्रवचनबबाट)

शास्त्रीय शुद्धताको पुनरूत्थान

वैदिक पञ्चाङ्ग

–डा. उत्तम उपाध्याय, न्यौपाने

पञ्चाङ्ग केवल कागजका पानाहरूको पुलिन्दा होइन । यो त तिथि, वार, नक्षत्र, योग र करण– यी पाँच अङ्गहरूको त्यस्तो सङ्गम हो, जसले मानवजीवनलाई कालसँग, ऋतुसँग, ब्रह्माण्डसँग जोडिराख्छ । हाम्रा पुर्खाहरूले यिनै पाँच अङ्गहरूको गणना गरेर खेती लगाए, यज्ञ रचाए, विवाह बाँधे, यात्रा प्रारम्भ गरे । शास्त्रको वचन छ –

"तिथिर्वारश्च नक्षत्रं योगः करणमेव च ।
पञ्चाङ्गस्य फलं ज्ञात्वा सर्वकार्यं समाचरेत् ॥"

अर्थात्, तिथि, वार, नक्षत्र, योग र करण– यी पाँच अङ्गहरूको फल जानेर मात्र मनुष्यले समस्त शुभकार्यहरू सम्पन्न गर्नुपर्छ । यही श्लोक हाम्रा सम्पूर्ण प्रयासको आधार-स्तम्भ हो ।

आज पञ्चाङ्ग किन?

विडम्बना के छ भने, बजारमा अहिले अठारभन्दा बढी पञ्चाङ्गहरू उपलब्ध छन् । तिनमा कतिले परम्परा मात्र हेर्छन्, कतिले बजार हेर्छन्, कतिले व्यवहार मात्र हेर्छन् । तर सिद्धान्तज्योतिषको कठोर गणितीय शुद्धता, ग्रहचालको सूक्ष्मातिसूक्ष्म गणना, र शास्त्रवचनसँगको पूर्ण सङ्गति – यी सबै एकैसाथ मिलाएर प्रस्तुत गर्ने पञ्चाङ्ग विरलै भेटिन्छ । तिथिको क्षय-वृद्धि, नक्षत्रको सन्धिकाल, अधिमास र क्षयमासको निर्णय, पर्व-निर्णय, सङ्क्रान्ति-काल – यी कुनै मण्डलीको रोजाइ होइनन्; यी त सिद्धान्तज्योतिषका कठोर आज्ञा हुन् ।

अहिले 'वैदिक पञ्चाङ्ग' यिनै आज्ञालाई शिरोधार्य गरेर तयार पारिएको छ । सूर्यसिद्धान्त, ग्रहलाघव लगायतका शास्त्रीय ग्रन्थहरूका सिद्धान्तलाई आधार बनाएर, आधुनिक खगोलीय अवलोकनसँग तिनको सूक्ष्म मिलान गरेर त्यो शुद्धता प्राप्त गरिएको छ– जुन एक श्रद्धालुले आफ्नो आराध्यका लागि, एक किसानले आफ्नो माटोका लागि, र एक विद्यार्थीले आफ्नो परीक्षाका लागि निश्चिन्त भएर पछ्याउन सकोस् ।

संरक्षकको आशीर्वाद

यो सम्पूर्ण यज्ञकार्य परमपूज्य श्री १००८ डा. स्वामी केशवानन्द गिरीको पावन संरक्षणमा सम्पन्न भएको छ । उहाँको तपोबल, शास्त्रज्ञान र दूरदृष्टि नै हाम्रो यस यज्ञको प्रधान आहुति हो । उहाँको आशीर्वादविना यस्तो शास्त्रसम्मत कार्य कल्पना मात्र पनि गर्न सकिने थिएन ।

विद्वत्-मण्डलको योगदान

विषयविज्ञका रूपमा सिद्धान्तज्योतिषाचार्य प्रा. श्रीकृष्ण अधिकारी, वेदान्ताचार्य प्रा. भवानीप्रसाद खतिवडा, साहित्याचार्य प्रा. डा. नरपति पोखरेल, सिद्धान्तज्योतिषाचार्य उपा. श्याम खनाल, र फलितज्योतिषाचार्य उपा. शालिग्राम ढकाल – यी विद्वान् पञ्चकले प्रत्येक अंशलाई शास्त्रीय कसीमा कसेर मात्र पाठकसमक्ष पुऱ्याउनुभएको छ ।

सम्पादनको गुरूतर भार फलितज्योतिषाचार्य डा. उत्तम उपाध्याय न्यौपाने (म स्वयं)ले बहन गर्ने शौभाग्य पाएको छु । आफ्नो शास्त्रबोध र भाषाशैलीको संयोजनले मैले यस अङ्कलाई एक गरिमा प्रदान गर्ने प्रयत्न गरेको छ । सम्पादन सहयोगीका रूपमा नव्यव्याकरणाचार्य

अर्जुन खतिवडाको भाषिक शुद्धताप्रतिको आग्रह, गणित सहयोगीका रूपमा सिद्धान्तज्योतिषाचार्य गणेश लम्सालको खगोलीय गणनामा गरिएको सूक्ष्म परिश्रम, र कम्प्युटर इन्जिनियर लोकराज घिमिरेको प्रविधिमैत्री व्यवस्थापन– यी तीनैको त्रिवेणीले यस अङ्कलाई आजको युगसुहाउँदो बनाएको छ ।

प्रविधि र परम्पराको सेतु

आजको विद्यार्थी मोबाइलमा छ, पुर्खाका पाइलामा हिँड्ने वृद्धहरू पुरानै पन्नाहरूमा । एउटा पञ्चाङ्ग कस्तो हुनुपर्छ– जुन वज्रास्थिर हजुरबुबाका हातमा पनि पढिनसकोस्, र चकाचौँध स्क्रिनसँग खेल्ने बालकका लागि पनि बोधगम्य होस् ? हामीले यही पुलको निर्माण गर्ने प्रयत्न गरेका छौँ । शास्त्रीय शुद्धतालाई कतै पनि सम्झौतामा नराखी, प्रस्तुतिलाई भने सरल, स्पष्ट र विद्यार्थीमैत्री बनाएका छौँ । प्रत्येक तिथिको पछाडि शास्त्रीय प्रमाण छ, अगाडि बुझिने नेपाली व्याख्या छ ।

नेपाल-पञ्चाङ्ग निर्णयको मूलभूमि

विश्वका कुनै कुनामा बसे पनि नेपाली श्रद्धालुले आफ्नो तिथि-पर्व नेपाली भूमिकै गणनामा खोज्छन् । पशुपतिनाथको आरतीदेखि मुक्तिनाथको दर्शनसम्म, गोसाइँकुण्डको पावन स्नानदेखि स्वर्गद्वारीको जपसम्म, बागमतीको शयनदेखि कर्णालीको प्रवाहसम्म– हाम्रा सम्पूर्ण तीर्थ, हाम्रा सम्पूर्ण जलस्रोत, हाम्रा सम्पूर्ण पर्व-उत्सवको गणना यसै पञ्चाङ्गमा समावेश छन् । शिवभूमि नेपालको आत्मा यसमा बोलेको छ । त्यसैले अमेरिकामा बस्ने नेपालीदेखि अष्ट्रेलियामा बस्ने श्रद्धालुसम्म, सबैले यसैमा आफ्नो माटोको सुगन्ध पाउनेछन् ।

सबैका लागि, सधैंका लागि

बालकले यसमा कथा भेट्नेछ, विद्यार्थीले शास्त्र भेट्नेछ, गृहस्थले मुहूर्त भेट्नेछ, ज्येष्ठ नागरिकले आफ्नो दैनिक जप-तपको आधार भेट्नेछन् । एउटै पञ्चाङ्गमा यति विविधता समेट्ने कार्य सहज होइन – तर शास्त्रीय शुद्धताको कठोर मापदण्डमा अडिग रहेर पनि हामीले यो असम्भवलाई सम्भव बनाउने प्रयत्न गरेका छौँ ।

अन्त्यमा, वैदिक अनुसन्धान गुठी, गौरीघाट, काठमाडौँबाट यो 'वैदिक पञ्चाङ्ग, वि.सं. २०८३' प्रकाशित गर्दा हामीलाई गहिरो सन्तोष छ । बजारमा भएका अठार पञ्चाङ्गका माझ हामी कुनै प्रतिस्पर्धामा छैनौँ– हामी त शास्त्रका अनुयायी मात्र हौँ । हाम्रो दाबी सानो छ– हामीले शुद्धता दिएका छौँ । अब निर्णय श्रद्धालु पाठकका हातमा छ ।

पुर्खाको परम्परा, ऋषिको आज्ञा, र आजको प्रविधि– यी तीनैलाई समेटेर यस पञ्चाङ्गलाई हामीले सर्व-शुभ हातमा सुम्पेका छौँ । यसले देश-विदेशका लाखौँ नेपाली श्रद्धालुहरूको दैनिक जीवनलाई सिद्धान्तज्योतिषको शुद्ध प्रकाशले उज्यालो बनाओस् – यही हाम्रो अन्तर्हृदयको शुभकामना हो ।❖

–लोचन ज्योतिष एवं वास्तु सेवा, काठमाडौँ

पशुपतिनाथ मन्दिरमा सङ्कलित भेटिघाटी (२०८३ वैशाख)

मिति	रकम	मिति	रकम
०१-०१	४२४२५०	०१-१७	२८९३६२
०१-०२	४२११६०	०१-१८	३१३२९०
०१-०३	३६५७००	०१-१९	४४५५२९
०१-०४	४३८८६५	०१-२०	२८६४४०
०१-०५	३६७४२०	०१-२१	३२१०६०
०१-०६	३५६७५०	०१-२२	३७५०४३
०१-०७	३५७६००	०१-२३	३६१७०८
०१-०८	३२९१५८	०१-२४	३०५८००
०१-०९	४५३३६४	०१-२५	३८१३५०
०१-१०	३५४५३६	०१-२६	३७९०२४
०१-११	४३९१३०	०१-२७	३७०१५०
०१-१२	३४२५०१	०१-२८	३६५४५०
०१-१३	२७००५०	०१-२९	४२०६४२
०१-१४	३९६९३५	०१-३०	३८७८८५
०१-१५	५११२८४	०१-३१	४५३२४४
०१-१६	३२७९३९		
		यस महिनाको जम्मा	११६२५७९९

माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।

स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष

श्रीराधाको महिमा

–दामोदर पौडेल

हिन्दु धर्म, विशेषगरी वैष्णव परम्परामा श्रीराधारानीलाई सर्वोच्च स्थान दिइन्छ । उहाँलाई केवल एक देवीको रूपमा होइन शुद्ध प्रेम, समर्पण र भक्तिको प्रतिरूपमा सम्मान गरिन्छ ।

राधारानी र श्रीकृष्णको बीचको सम्बन्ध साधारण प्रेम होइन । यसमा दिव्य र आत्मिक सम्बन्ध छ । यस प्रेममा कुनै स्वार्थ चाहना वा अपेक्षा हुँदैन । यही कारणले श्री राधारानीलाई निष्काम प्रेममूर्ति भनिन्छ ।

सबै देवीभन्दा श्रेष्ठ राधारानी

ब्रह्मवैवर्त पुराणअनुसार राधा (राधिका) श्रीकृष्णसँग अभिन्न अलग गर्न नसकिने अङ्ग हुनुहुन्छ । उहाँलाई मुख्य दुई देवीको रूपमा वर्णन गरिएको छ– राधालाई मूल प्रकृति सृष्टिको मूल शक्ति भनिन्छ, जसबाट सम्पूर्ण भौतिक संसार उत्पन्न भएको हो । कृष्णसँगको सम्बन्धमा उहाँ गोलोकधाम निवास गर्ने बताइन्छ । जुन गोपिनीहरूको दिव्य लोक हो । अर्को, नारदपुराण अनुसार श्रीराधा शुद्ध चेतनाको रूपमा पनि रहनुहुन्छ, जहाँ कृष्णबाट अलग हुनुहुन्छ तब उहाँ आदिशक्ति मूल प्रकृति भएर प्रकट हुनुहुन्छ । जसलाई सबै देवीहरूको माता भनिन्छ ।

देवी भागवतमा राधारानीलाई सर्वोच्च देवीको रूपमा यसरी प्रार्थना गरिएको छ–

नमस्ते परमेश्वर रासमण्डलवासिनी
रासेश्वरी नमस्तेऽस्तु कृष्णप्राणाधिकप्रिय ॥

(देवीभागवत ९/५०/४६)

हे राधारानी ! तपाईं सर्वोच्च देवी (सबै देवीहरूमध्ये श्रेष्ठ) हुनुहुन्छ । रासमण्डलमा बास गर्नुहुन्छ । हे रासकी स्वामिनी ! तपाईंलाई नमस्कार छ । तपाईं भगवान् श्रीकृष्ण भन्दा पनि बढी प्रिय हुनुहुन्छ । हे तीनै लोककी माता, करूणाकी खानी ! हामीमाथि कृपा गर्नुहोस् । तपाईंको चरणकमललाई ब्रह्मा, विष्णु लगायत देवी देवताहरूले बन्दना गर्दछन् । हे सम्पूर्ण जगत्की स्वामीनी देवी ! हजुरलाई नमस्कार छ ।

'हे करूणामयी ! हे राधारानी ! तपाईं भगवान् श्रीकृष्णलाई आनन्द दिने र उहाँलाई आनन्दित बनाउने हुनुहुन्छ ।' उक्त श्लोक अनुसार राधा रानीलाई सर्वोच्च शक्ति र भगवान् श्रीकृष्ण भन्दा प्रिय करूणामयको रूपमा स्थापित गर्न खोजिएको छ । उहाँ परमशक्ति भगवान् श्रीकृष्णको आन्तरिक शक्ति हुनुहुन्छ ।

राधाकृष्णको सम्बन्ध

गर्ग संहिता अनुसार भगवान् श्रीकृष्णले गोपीहरूको समूहलाई हेर्दा जसरी आठ भुजा भएको दिव्य रूप धारण गर्नुभयो, त्यो स्वरूप यसमा श्रीराधा रानी नै हुनुहुन्थ्यो ।

तथास्तु चोक्त्वा भगवान गोपी
विहस्य पस्यत दधाराष्ट–भुजं रुपं
श्रीराधा रुपं एव च । (गर्ग संहिता श्लोक २६)

भक्ति प्रेम र रासलीलामार्फत दर्शाउँछ कि, कृष्ण र राधाको दिव्य सम्बन्ध केवल कथा मात्र होइन परन्तु आध्यात्मिक प्रेमको सर्वोच्च आदर्श हो । यसले द्रष्टालाई कृष्णभक्तिको गहिराईमा प्रवेश गराउन मद्दत गर्दछ ।

महारास गर्दागर्दै महारासबाट रजरास श्रीकृष्णले तरूणी स्वरूप धारण गर्नुभयो । किनकि रास गर्न दुईजना

चाहिन्छ । अतः कृष्णले अर्को रूपको अभिलाषा गर्नुभयो, आफ्नै श्रीराधाको रूपमा प्रकट भएर रमण गर्नुभयो । परम दयालु भगवान् भक्तवत्सल राधा माधवको रूपबाट दुई प्रकारको रूप धारी हुनुभयो । जो दुई रूप भयो, त्यो एउटा गौर तेज अर्को श्याम तेज । राधाबाट गौर तेज र कृष्णबाट स्याम तेज प्रकट भयो । जो मानिस गौर तेजलाई छोडेर श्याम तेजलाई मानौँ उपासना गर्छ भने त्यो मानिस पापको भागीदार हुन्छ भनेर सम्मोधन तन्त्रमा पार्वतीलाई शिवजीले भन्नुभएको छ ।

गौरव तेजो विना यस्तु श्याम तेज समर्चचयत् ।
जपेद्वाध्यायते वापि सभवेत्पातकी शिवे ॥

श्रीराधारानी को हो ?

वन्दे वृन्दावनानन्दां राधिकां परमेश्वरी ।
गोपिकां परमां श्रेष्ठां ह्वादिनीं शक्तिरुपिणिम् ॥

जो गोपीहरूमा सबैभन्दा श्रेष्ठ र भगवान् श्रीकृष्णको आनन्ददायी शक्तिको स्वरूप हुनुहुन्छ । श्री राधा भनेको श्रीकृष्णको सुख हो । राधा नै श्रीकृष्णको आनन्द हो । भगवान् श्रीकृष्णको आनन्द स्वरूप नै राधाको रूपमा प्रकट भएको हो । यदि राधा नहुने हो भने श्रीकृष्णको आनन्द रूप पूर्ण हुन सक्दैन थियो ।

श्रीराधा चिदानन्द परमात्माको आनन्दमय अभिव्यक्ति हो । भित्री आनन्दको अनुभूति हुनु हो र त्यसै आनन्दको प्रकट रूप श्रीराधा हो । जसरी सूर्यबाट ताप, चन्द्रमाबाट शीतलता र पानीबाट तरङ्ग छुट्याउन सकिँदैन, त्यसैगरी श्रीकृष्णबाट उहाँको आनन्ददायी शक्ति श्रीराधालाई अलग गर्न सकिँदैन । त्यही शक्ति नै राधा हुन् । श्रीकृष्ण सत्यचेतना र आनन्द स्वरूप हुनुहुन्छ सन्तहरूले सत्यबाट वृन्दावन धाम चेतनाबाट भगवान्को परम सहयोगी योगमाया र आनन्दबाट भगवान् श्रीकृष्णकी अल्लादिनी शक्ति श्रीराधालाई मान्नु भएको छ । यसको अर्थ के हो भने वृन्दावन धाम गोलोक नित्य छ । योगमाया पनि नित्य छिन् र श्रीराधा पनि नित्य हुनुहुन्छ । जसको नित्य लीला पनि सधैं भइरहन्छ । यदि श्रीकृष्ण ब्रह्माण्ड सृष्टिकर्ता हुन् भने श्रीराधा उहाँकी शक्ति हुन् ।

राधाकृष्ण स्वरूपाम होइ कृष्ण राधा स्वरूपिणिम् ।
कलात्मानम् निकुन्जस्य गुरुरुपं सदाश्रये ॥

श्रीनिम्बार्क सम्प्रदायका आचार्य श्रीहरिव्यास देवाचार्यले महावाणी ग्रन्थमा भन्नुभएको छ, 'श्री राधा, कृष्णको स्वरूप हो र कृष्ण नै श्रीराधाको रूप हो ।' म निकुञ्ज निवासी राधाकृष्णको चरणमा जान्छु भनेर बन्दना गर्नुभएको छ । स्कन्दपुराणको वैष्णव खण्ड अनुसार राधालाई कृष्णको आत्माको रूपमा वर्णन गरिएको छ । यसमा भनिएको छ– 'रूक्मिणी सहित कृष्णका सबै रानीहरू राधाका विस्तार हुन् ।' राधालाई कृष्णप्रतिको प्रेमको प्रतीक मानिन्छ । वैष्णव सन्त चैतन्य महाप्रभुका सिद्धान्त अनुसार कृष्णसँग तीन प्रकारका शक्ति हुन्छन् ।

आन्तरिक शक्ति जसलाई बुद्धि भनिन्छ, बाहिरी शक्ति संसार सिर्जना गर्न सक्ने शक्ति र व्यक्तिगत आत्मनिर्माण गर्न सक्ने शक्ति यीमध्ये मुख्य शक्ति त्यो हो जसले हृदयमा आनन्द र विस्तार ल्याउँछ । जसलाई प्रेम शक्ति भनिन्छ । जब यो प्रेम भक्तको हृदयमा बस्छ तब यसले महाभाव सबैभन्दा उच्च भावना उत्पन्न गर्दछ । प्रेम जब सर्वोच्च स्तरमा पुग्दछ तब त्यो आफै श्रीराधास्वरूपमा परिणत हुन्छ । जो सबैभन्दा प्रिय र सबै गुणले भरिपूर्ण मानिन्छ । त्यसैले राधा र कृष्णको सर्वोच्च प्रेमका रूप हुन् र प्रेमका सुन्दर भावनाहरूलाई राधाकृष्णको रूप हुन् र प्रेमका सुन्दर भावनाहरूलाई राधाकृष्णको आभूषण मानिन्छ ।

मोक्षदायिनी श्रीराधा

ब्रह्मवैवर्त पुराणअनुसार भक्तले 'रा' शब्दको उच्चारण गर्दा पनि अत्यन्त दुर्लभ मुक्ति प्राप्त गर्दछन् र 'धा' शब्द उच्चारण गर्दा हरिका चरणमा पुग्दछन् । 'रा'को अर्थ पाउनु 'धा'को अर्थ निर्माण मोक्ष हो । भक्तहरूलाई यो निर्माण मुक्ति प्रदान गर्ने शक्ति श्रीराधामा छ । त्यसैले उहाँको नाम जपमात्रले पनि सांसारिक बन्धनबाट पार लगाउँदछ । श्रीकृष्णको प्राप्ति मोक्ष दुवै श्रीराधामा निर्भर छ ।

श्रीराधाको दिव्य शरीरको कान्तिपर्दा इन्द्र नीलमणि जस्तो वर्ण भएका श्रीकृष्णको शरीर पनि हरियो झल्कोयुक्त देखिन्छ ।

तत्सुख सुखिया श्रीराधा

श्रीराधाको भक्ति माधुर्य भक्ति थियो । यस भक्तिभावमा भक्तका लागि सबै कुरा भगवान्मै समर्पित हुन्छ । आफ्नो रूप स्वभाव इच्छा आकांक्षा सबै आराध्यलाई अर्पण गरिन्छ । प्रियतमको सुख नै आफ्नो सुख हुन्छ । यदि प्रियतम श्रीकृष्णलाई मथुरामा बस्न मनपर्छ भने उहाँ त्यही नै बस्नुहोस् । म सबै पीडा सहन्छु, मेरो सुख उहाँको सुखमा नै बिलीन छ । यदि उहाँ त्यहाँ प्रसन्न हुनुहुन्छ भने यहाँ म एक्ले बस्दाको पीडा पनि मेरो लागि सुखद हुन्छ । यही हो श्रीराधाको तत सुख सुखिया भाव ।

श्रीराधाले निकुञ्जमा पालेका सुगालाई श्रीकृष्णको नाम उच्चारण गराउनुहुन्थ्यो । र, स्वयं पनि श्रीकृष्णको नाम जप गर्नुहुन्थ्यो । केही समयपछि सुगालाई कृष्णको सट्टा राधे राधे भन्न सिकाउनुभयो । सबै सखीहरूले अचम्म माने, अनि तिनीहरूले कारण सोध्दा राधारानीले भन्नुभयो– श्रीकृष्णको नाम जप गर्दा मलाई आत्मिक आनन्द मिल्थ्यो । तर अहिले मैले थाहा पाएँ कि राधे नाम उच्चारण गर्दा मेरा प्रिय श्रीकृष्णलाई आनन्द मिल्छ । त्यसैले जसमा श्रीकृष्ण सुखी हुन्छन् त्यही मेरो लागि प्रिय हो ।

आफ्नो सुखभन्दा राधारानीलाई श्रीकृष्णको सुखमै रमाउन खुसी हुनुहुन्थ्यो । श्री राधा अनादि र नित्य दिव्य स्वरूपकी हुनुहुन्छ । उहाँ भगवान् श्रीकृष्ण झैँ सच्चिदानन्दमै हुनु हो र समयसमयमा लीला गर्न दुई रूपमा राधाकृष्णको रूपमा प्रकट हुनुभएको हो । गोलोक धाममा श्रीकृष्णको बायाँ अङ्गबाट प्रकट भएपछि व्रजभूमिको वर्षानामा वृषभानुजी र कृतिदाजीको घरमा प्रकट भएको लीला शास्त्रमा उल्लेख छ । राधारानी अयोनिजा (गर्भबाट नजन्मिने) हुनुहुन्छ । श्रीराधा निराकार, निर्गुण, सन्तोषी, कल्याणमयी हुनुहुन्छ । त्यसैले राधा सम्पूर्ण विश्वको मूल प्रकृति हो । श्रीमद्भागवतमा स्वामी सुखदेवजीले राधाको बारेमा वर्णन गर्दा समाधि लाग्ने भएकोले राधाको नाम प्रत्यक्ष रूपमा कहिँ पनि उल्लेख गर्नुभएन । त्यसैकारण श्रीराधारानीको महिमा जति वर्णन गर्‍यो उति नै कम हुन्छ । ❖

–मध्यवानेश्वर, काठमाडौँ

गतिविधि

शारदापीठका जगद्गुरू शंकराचार्य नेपाल आउने

शारदापीठका शंकराचार्य अनन्त श्री विभूषित विधुशेखर भारती नेपाल भ्रमणमा आउनु हुने भएको छ । शारदापीठ जगद्गुरू शंकराचार्य नेपाल भ्रमण मूल आयोजक समितिका अनुसार उहाँ यही जेठ ८ देखि १५ गतेसम्म एक साता लामो नेपाल भ्रमणमा आउन लाग्नु भएको हो । काठमाडौंमा रहँदा उहाँले पशुपतिनाथ, राम मन्दिर, बूढानीलकण्ठ मन्दिरको दर्शन गर्नुका साथै जीवित देवी कुमारीको पनि दर्शन गर्ने कार्यक्रम रहेको छ । यस बाहेक उहाँको पोखरा भ्रमण एवम् मुक्तिनाथ दर्शन र देवघाट दर्शनका पनि कार्यक्रम रहेको जनाइएको छ । त्यस्तै काठमाडौंमा जेठ १४ गते शंकराचार्य मठमा नागरिक अभिनन्दन गरिने छ । उहाँको आगमनसँगै ६० वर्षपछि सो पीठका शंकराचार्यबाट हुन लागेको नेपाल भ्रमणका अवसरमा पशुपतिनाथ परिसरमा विश्वशान्ति र लोक कल्याणका लागि प्रत्येक साँझ (उहाँ नेपाल रहुन्जेल) चन्द्रमौलेश्वरको पूजा गरिने पनि बताइएको छ ।

वागेश्वरीमा कोटिहवन

चितवनको भरतपुर नगरपालिका- १ वागीश्वरी (देवघाट)मा गत वैशाख शुक्ल पूर्णिमाबाट प्रारम्भ भएको कोटिहवन आगामी ज्येष्ठ शुक्ल पूर्णिमा (असार १३)सम्म सञ्चालन हुने भएको छ । राष्ट्रगुरू योगी नरहरिनाथको सदिच्छाअनुसार गोरखनाथको वीज मन्त्रद्वारा हवन गरिने उक्त कोटिहवन एक महिना सञ्चानल हुने भए पनि बीचमा पुरूषोत्तम महिना परेकोले थप एक महिना लम्बिएको हो । दैनिक हवनका अतिरिक्त इच्छित मनोकामना पूर्तिका लागि प्रत्येक दिन गोरखनाथलाई रोट चढाउने कार्यक्रम समेत रहेको आयोजक समितिले जनाएको छ ।

६४ सिद्धलिङ्ग पदयात्रा समापन

पाशुपत क्षेत्रको आसपासका ६४ उपलिङ्ग तथा ज्योतिर्लिङ्गको परिक्रमा गर्ने उद्देश्यले थालिएको ४२ दिने बृहत् पाशुपत पदयात्रा समापन भएको छ ।

महेश संस्कृत गुरूकुल, देवघाटधामका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिको सङ्कल्पमा गत चैत १६ गते वाग्मती पूजा गरी शुभारम्भ गरिएको पदयात्रामा सर्वप्रथम १७ गते सिन्धुली दुम्जाको आदिलिङ्ग कुशेश्वरको पूजा गरिएको थियो भने अन्त्यमा पशुपति क्षेत्रस्थित सिद्धलिङ्ग रूद्रगारेश्वरको पूजा तथा रूद्राभिषेकपछि वैशाख २८ गते समापन गरिएको हो ।

४२ दिनको पदयात्रामा दैनिक करिब ५०-६० जना पदयात्रीले करिव १००० कि.मी. पैदल यात्रा गरी सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, मकवानपुर र काठमाडौं जिल्लास्थित ज्योतिर्लिङ्गका पूजा आराधना गरेका थिए ।

पशुपतिका ६४ उपलिङ्ग तथा ज्योतिर्लिङ्गको प्रचारप्रसार गर्ने, बागमती (वाग्वती) को शुद्धीकरणका लागि राज्यलाई दबाब दिने, नेपाली समाजमा आध्यात्मिक जागरण ल्याई नेपाललाई गुरूराष्ट्रका रूपमा पुनःस्थापित गर्ने, किराँत, बौद्ध र हिन्दुधर्म तथा सनातन संस्कृतिबिच समन्वयको सन्देश प्रवाह गर्ने र ज्ञात-अज्ञातरूपमा राष्ट्र र राष्ट्रवासीबाट भएका देवापराध तथा शिवद्रोहप्रति क्षमायाचना गर्ने पदयात्राको लक्ष्य रहेको थियो ।

समापनको क्रममा गत वैशाख २८ गते वाग्मतीको पूजा अर्चना, पशुपतिनाथको आराधना, लाखबत्ती बाल्ने, पाशुपत-महायज्ञको पूर्णाहुति र समापन एवम् प्रसाद वितरण गरिएको थियो ।

समापन सभामा पदयात्री साधु सन्त, साधक-गणलाई महेश संस्कृत गुरूकुलका अध्यक्ष एवम् पदयात्राका सङ्कल्पकर्ता स्वामी रमणानन्द गिरिजीले रूद्राक्षमाला र दोसल्ला पहिर्‍याएर सम्मान तथा अभिनन्दन गर्नुभएको थियो । समापन सभामा देवघाटबाट आउनु भएका स्वामी कृष्णानन्द गिरी महाराजले आशीर्वचन प्रदान गर्नुभएको थियो भने प्राध्यापक भवानीप्रसाद खतिवडाले ६४ सिद्धलिङ्गहरूको पदयात्राले स्वदेशी तीर्थको महिमा र गरिमा अझ बढेको बताउनुभयो ।

सभालाई सम्बोधन गर्दै स्वामी रमणानन्द गिरिले ब्रह्मलीन डा. स्वामी रामानन्द गिरिबाट पाशुपत क्षेत्रसम्बन्धी जिज्ञासा र कौतुहलता पैदा भएको बताउँदै गत वर्ष कालीगण्डकी पदयात्राका समयमा पाशुपत पदयात्रासम्बन्धी अवधारणा मनमा उब्जिएको र अहिले सार्थक भएको स्पष्ट पार्नुभयो । उहाँले पदयात्रामा साधुसन्त, साधक, भक्तजनको ६०-६५ जनाको सहभागिता रहे पनि लाखौं नेपाली तथा देश-विदेशमा रहेका सनातनी नेपाली सबैले मानसिक

सहभागिता जनाएकाले यो यात्रा राष्ट्रिय जागरणको महाअभियान बनेको उल्लेख गर्नुभयो । बागमतीको महिमा गङ्गाभन्दा बढी रहेको वर्णन शास्त्रमा पाइएको बताउँदै उहाँले यसकोशुद्धीकरणका लागि दीर्घकालीन रणनीति र कार्ययोजना बनाएर तत्काल लागू गर्न राज्य संयन्त्रलाई आग्रह समेत गर्नुभयो ।

पर्वतको कुस्मामा अन्नपूर्ण आश्रम सञ्चालन

परम तपस्वी दुर्गानाथको सत्सङ्कल्पमा पर्वतको कुस्मा(गुप्तेश्वर गुफा नजिकै) मा अन्नपूर्ण आश्रम एवम् दुर्गानाथ पशुपति भण्डारा सेवा सञ्चालन गरिएको छ । गत वैशाख १६ गते विशेष अनुष्ठानको आयोजना गरी नवनिर्मित आश्रम भवनको वास्तुपूजा एवम् अखण्ड भण्डाराको शुभारम्भ गरिएको हो ।

सो अवसरमा पूजापाठका साथै औपचारिक कार्यक्रमको आयोजना गरी आश्रमको समुद्घाटन गरिएको थियो । स्थानीय जेष्ठ नागरिक बालकुमारी जोशीको प्रमुख आतिथ्य एवम् आश्रम निर्माण समितिकी अध्यक्ष समाजसेवी मानकुमारी गिरिको सभापतित्वमा आयोजित सो समारोहमा दुर्गानाथ पशुपति भण्डारा सेवा केन्द्र कुष्मा पर्वतका सहयोगी, शुभचिन्तक एवम् समिति परिवारका सदस्यहरूको उपस्थिति थियो । कार्यक्रममा आश्रम निर्माण कार्यमा सहयोग गर्ने विभिन्न दाताहरूलाई अभिनन्दन पत्र सहित सम्मानित गरिएको थियो । सो अवसरमा उपस्थित भक्तजनहरूलाई आशीर्वचन दिनुहुँदै दुर्गानाथ आमाले मनुष्य जीवनलाई परोपकारी कार्यमा लगाउनु पर्ने बताउनुभयो । साथै उहाँले आफ्नो देहलीला समापन भएपछि पार्थिव शरीर अहिले बनेको भवनको हवन कुण्डसंगै समाधिस्त गरिदिन निर्देशन दिनुभयो ।

कार्यक्रमकी सभापति मानकुमारी गिरिले आश्रम दुर्गानाथ आमाको सान्निध्यमा रहेर सेवा गर्न पाउँदा आनन्दको अनुभूति भएको बनाउनुभयो ।

नवनिर्मित उक्त आश्रम कुस्मा नगरपालिका- ४ अन्तरगत ब्रह्मलीन नागाबाबा विष्णु गिरी (पशुपति गिरी महाराजका गुरू)ले २०४५ सालमा स्थापना गर्नुभएको श्रीपञ्चदशनाम संन्यास आश्रम नजिकै रहेको छ । पशुपति गिरि महाराजले स्थापना गर्नुभएको गायत्री मन्दिर र वेदवेदाङ्ग संस्कृत पाठशाला पनि त्यसै परिसरमा रहेको छ । आश्रम परिसरमा ब्रह्मलीन महन्त महावीर गिरि,

विष्णु गिरि र पशुपति गिरिका समाधि मन्दिर समेत रहेका छन् ।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं !

- ❖ सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- ❖ आपसी समझदारी, सहिष्णुता र भाइचारा बढाऔं,
- ❖ घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- ❖ पर्व–उत्सवहरू मिलेर मनाऔं,
- ❖ अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- ❖ संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- ❖ शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरु:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं ।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोनः ०१-४०२२५४४

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्यास
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

श्री नृसिंहधाम पुरुषोत्तम महा-महोत्सव

(पुरुषोत्तम स्नान, कथा श्रवण एवं १०८ तिर्थयज्ञको पूर्ण आहुति र जल प्रसाद वितरण)

इतिहासकै ठुलो कार्यक्रम

मितिः २०८३ जेष्ठ १ गतेदेखि ३१ गतेसम्म

स्थान : श्री नृसिंहधाम क्षेत्र, सल्यानटार , त्रिपुरासुन्दरी- १, धादिङ्ग

पुरुषोत्तम महिनामा नृसिंहधाम जाऔं

स्नान, यज्ञ र कथामा सहभागी भई

आफ्नो जीवन धन्य बनाऔँ

प्रिय सज्जन

१०८ तिर्थ यज्ञको समापन र पूर्णाहुति हुने यो कार्यक्रम न भूतो न भविष्यति भन्दा अत्युक्ति नहोला । जीवनकालमा यस्तो अवसर न पूर्खाले प्राप्त गरे न भावी सन्ततिले प्राप्त गर्नेछन । पूज्यपाद डा. श्रीवास कृष्ण दास ब्रह्मचारी ज्यूले वर्षौंसम्म अनवरत चारधाम, सप्तपुरी, द्वादशज्योतिर्लिंग,हिमाल, पहाड, तराईका तिर्थ क्षेत्र, गोसाइँकुण्ड, कैलाश मानसरोवरदेखि रामेश्वरम, कन्याकुमारी लगाएतका १०८ तिर्थस्थलमा गर्नुभएको तपस्याको प्रसाद जीवनमा पुनः कहिल्यै प्राप्त हुदैन । अब यो अवसर बाट बन्चित नहुन पनि अनुरोध गर्दछौ ।



हार्दिक निमन्त्रणा